लेखापरीक्षण प्रतिवेदन

रामग्राम नगरपालिका, नवलपरासी

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

रामग्राम नगरपालिका, नवलपरासी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/786

श्रीमान् नगरप्रमुख ज्यू,

रामग्राम नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) ।

विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/786

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्री नगरप्रमुखज्यू,
रामग्राम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
नवलपरासी (नवलपरासी बर्दघाट सुस्ता पश्चिम)।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२ नगरपालिकाको आय-व्ययतर्फ रु. २ अर्ब २२ करोड ३२ लाख ७९ हजारको लेखापरीक्षण गरिएकोमा रु. ३ करोड ४९ लाख ९२ हजार बेरुजु देखिएकोमा प्रतिकृया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु. १ लाख ८० हजार, नियमित गर्नुपर्ने रु. २ करोड ३१ लाख ३० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १ करोड १५ लाख ९८ हजार र पेश्की बेरुजु रु. ८५ हजार समेत बाँकी बेरुजु रु. ३ करोड ४९ लाख ९२ हजार रहेको छ। गत वर्षसम्मको रु. २१ करोड ८९ लाख २२ हजार बेरुजु रहेकोमा यस वर्ष सम्परीक्षणका लागि पेश भएको छैन । नगरपालिकाको गत वर्षको बाँकि बेरुजु रु. २१ करोड ८९ लाख २२ हजार समेत हालसम्मको अद्यावधिक बेरुजु रु. २५ करोड ३९ लाख १४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले रामग्राम नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत रामग्राम नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट संपरीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
८०	९७	३,४९,९१,८४५	०	०	०	०	८०	९७	३,४९,९१,८४५	१,७९,९२२	२,३१,२९,६४३	१,१५,९७,७८०	०	०	३,४७,२७,४२३	८४,५००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्षसम्मको बाँकी	समायोजन	यो वर्षको संपरीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नवलपरासी बर्दघाट सुस्ता पश्चिम	२१,८९,२२,०२०		०	२१,८९,२२,०२०	०	३,४९,९१,८४५	२५,३९,१३,८६५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
				पेश नभएको।

रामग्राम नगरपालिका, नवलपरासी

(८०५४७४०२३००)

रामग्राम नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पश्चिम

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा १८ वडा, १२८.३२ वर्ग किलोमिटर क्षेत्रफल तथा ६४०१७ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।४ देखि २०८२।१०।९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको सम्पत्ति तथा दायित्व तर्फ रु. २ अर्ब २२ करोड ३२ लाख ७९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ८६९०७।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम
१	बढी ग्रेड भुक्तानी	१६१२०
२	शिक्षामा बढी भुक्तानी	७०७८७
जम्मा		८६९०७

२ **एकिकृत वित्तिय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ।पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः

क्र.सं.	आय तर्फ			क्र.सं.	व्यय तर्फ	
	विवरण	रकम	जम्मा		विवरण	रकम
१	गत वर्षको जिम्मेवारी		**१७०२५७३४४.०१**	१	चालुखर्च	४२२४१७९५९.९८
	क) नगद			२	पूँजीगत खर्च	३८२५९५८५३.८७
	ख) बैंक	८४६९०६६०.२३		३	धरौटी फिर्ता	११६०५२४२.००
	ग) धरौटी	३२८६३५३५.४२		४	विभिन्न कोष खर्च	
	घ बिबिध कोषहरु	२२४७८५५४.६६			बिविध खर्च खाताहरु खर्च	२१४३४१०१.११
	ङ) बिविध खर्च खाताहरु	२८९१८६७०.५४			प्रकोप ब्यवस्थापन कोष खर्च	१२९५०२०.००
	च) प्रकोष ब्यवस्थापन कोष	१३०५९२३.१६			बिबिधकोष खाताहरुको खर्च	३०७२३९२.००
२	राजस्व (आन्तरिक आय)	१०५७९३८३८.०३	**१०५७९३८३८.०३**	५	सशर्त अनुदान फिर्ता	४९३५०९२१.८३
				६	अन्तरसरकारी अख्तियारी सघ	
३	संघीयसरकारवाट प्राप्त अनुदान		**६९८६१६५७८.८३**		क. सामाजिक सुरक्षा	२२२४४०२७८.०९
	क) राजस्व बाँडफाँड संघीय सरकार	११४३३०२१८.८३			ख. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३१९२००७.००
	ख) वित्तिय समानीकरण अनुदान	१४९५६८८००.००				
	ग) सशर्त अनुदान	४१२१६७५६०.००				
	घ) समपूरक अनुदान	९७५००००.००				
	ङ) विशेष अनुदान	१२८०००००.००		७	मौज्दात	
४	प्रदेशसरकारबाट प्राप्त अनुदान		**४७३९२९७८.५३**		मौज्दात (संचित कोष)	८२१२९३१९.९४
	क) राजस्व बाँडफाँड प्रदेश सरकार	१२३९९९७८.५३			धरौटी मौज्दात	४०२१६७४८.४२
	ख) वित्तिय समानीकरण अनुदान	११५८१०००.००			बिबिधकोष खाता मौज्दात	१९८९६२१७.६६
	ग) सशर्त	१३९६२०००.००			प्रकोप	१०९०३.१६

	अनुदान				व्यवस्थापन कोष मौज्दात	
	घ) समपुरक अनुदान	९४५००००.००			बिविध खर्च खाता मौज्दात	१६४७५३४६.२६
	ङ) विशेष अनुदान	०.००				
५	बिभिन्न कोषको तर्फको आय		**९४८०८३१.८३**			
	क. बिबिध कोष खाता	४९००५५.००				
	ख. प्रकोप व्यवस्थापन कोष	०.००				
	ग. बिविध खर्च खाता	८९९०७७६.८३				
६	धरौटी आय	१८९५८४५५.००	**१८९५८४५५.००**			
७	अन्तरसरकारी अख्तियारी सघ		**२२५६३२२८५.०९**			
	क. सामाजिक सुरक्षा	२२२४४०२७८.०९				
	ख. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३१९२००७.००				
	जम्मा	**१२७६१३२३११.३२**	**१२७६१३२३११.३२**		**जम्मा**	**१२७६१३२३११.३२**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थता:**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले अन्तरसरकारी अख्तियारी तर्फ सामाजिक सुरक्षा र संरक्षणमा रू. २२ करोड २४ लाख ४० हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रू३१ लाख ९२ हजार गरी जम्मा रू. २२ करोड ५६ लाख ३२ हजार सुत्रमा लेखाङ्कन गरेको छैन। पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेस गरी एकिकृत बजेट तथा खर्च विवरण तयार गरेता पनि सो समावेश भएको रकम (म.ले.प.फा.नं. २७०) को वित्तीय विवरणमा समावेश हुँदैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र प्रणली मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ **फरक जिम्मेवारीः**

पालिकाले सुत्र प्रणालीबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्ष गत वर्षको जिम्मेवारी रु.(८०८४०७.६) र अन्तिम मौज्दातमा रु. १०४५५९७.९६ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी(म.ले.प.फा.नं. २७०) पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गत वर्षको जिम्मेवारी	यस वर्षको अन्तिमको बैंक मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	१६९४४८९३६.४१	१५९७७४१३३.४०
एकीकृत आर्थिक विवरण अनुसार	१७०२५७३४४.०१	१५८७२८५३५.४४
फरक	(८०८४०७.६)	१०४५५९७.९६

५ **बजेट पेश, पारित र अख्तियारी:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।३।१० मा रु.१ अरब ४२ करोड ७१ लाख ७८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८१।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

विवरण	मिति	कूल बजेट	रकम रु
बजेट पेश	२०८१।३।१०	आय अनुमोदन	१४२७१७८८००
बजेट स्वीकृत	२०८१।३।१०	व्यय अनुमान	१४२७१७८८००
प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी	२०८१।३।१५	व्यय मध्ये अवण्डा	८००००००

६ **योजनाको प्राथमिकीकरण:**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार १८ वडाको लागि वडागत र पालिकास्तरका कुल ८५१ योजनामा वजेट विनियोजन गरेको छ।

क्र.सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	५लाख देखि २० लाखसम्मका योजना सङ्ख्या	रु.५लाख भन्दा कमका योजना सङ्ख्या	कार्यान्वयन भएका	कार्यान्वयन नभएका
१	पालिकास्तरीय	४७५	५४	१७५	२४६	३१५	१६०
२	वडा स्तरीय	३७६	०	८३	२९३	२६३	११३
	जम्मा	८५१	५४	२५८	५३९	५७८	२७३

उपर्युक्त विवरण अनुसार ८५१ वटा योजना मध्ये ५ लाख भन्दा कमका ५३९ योजना संख्या अर्थात ६३.३ प्रतिशत रहेको, ५ लाख देखि २० लाख सम्म २५८ वटा अर्थात ३०.३ प्रतिशत रहेको तथा २० लाख भन्दा ठुला ५४ अर्थात ६.३ प्रतिशत मात्र रहेको देखिन्छ। पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ५७८ योजनामात्र कार्यान्वयन भई २७३ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।

७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु.हजारमा)

क्र.स	क्षेत्र	बजेट	खर्च	कुल बजेटमा खर्च प्रतिशत
१	आर्थिक विकास	४४८९३	२६०८३	१.८
२	पूर्वाधार विकास	७४१७४०	३०११४४	२१.१
३	सामाजिक विकास	४४९९४५	३४२६१२	२४
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१६५१४	५४६२	०.३८
५	कार्यालयसञ्चालन तथा प्रशासनिक	१६४०८४	१२९७१०	९.०८
	जम्मा	१४२७१७८	८०५०१३	५६.३६

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विका क्षेत्र मा सबैभन्दा बढी २४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ०.३८ प्रतिशत र आर्थिक विकासमा १.८ प्रतिशत खर्च रहेको छ ।तसर्थ पालिकाले प्रभावकारी रुपमा स्रोतको परिचालन गरि सुशासन तथा आर्थिक विकासमा जोड दिनु पर्ने देखिन्छ ।

८ **लक्ष्य प्रगति :**

पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

योजना	कार्यक्रम/ योजना संख्या	यो बर्ष खर्च (हजारमा)	वार्षिकप्रगति स्थिति				
			शून्य प्रगती	२५%सम्मप्रगति	५०%सम्म प्रगति	७५%सम्म प्रगति	७५%भन्दा माथि
पालिकास्तरीय	४७५	३३३२१०	१६०	१५	११	५	२८४
वडास्तरीय	३७६	४९३८५	११३	१८	१३	७	२२५
जम्मा	८५१	३८२५९५	२७३	३३	२४	१२	५०९

उपरोक्त अनुसार विश्लेषण गर्दा २७३ वटा योजनाहरुमा शून्य प्रगति भएको, तथा ५७ योजनाहरुमा ५० प्रतिशत भन्दा कम प्रगति भएको विवरण पेश भएकोमा शुन्य प्रगति र कम प्रगति भएका योजनाहरुमा लागत अनुमान यथार्थपरक नहुनु,योजना छनोट आवश्यक्ताका आधारमा नहुनु, समयमा खरिद योजना तयार नहुनु, पुर्व तयारि विना आयोजना कार्यान्वयनमा लैजानु ,निर्माण व्यावसायीबाट भएको ढिलाई,जग्गा विवाद लागायतको कारण देखाईएतापनि कार्यान्वयन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ । साथै वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

९ **त्रैमासिक खर्चः**

कार्यालयको लागि स्विकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने बजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल पुँजीगत खर्चको तुलनामा प्रथम त्रैमासिकमा १३.४२ प्रतिशत र दोस्रो त्रैमासिकमा १५.८२ प्रतिशत, तेस्रो त्रैमासिकमा ३२.२१ प्रतिशत र चौथो त्रैमासिकमा ३८.५३ खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र २९.३८ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

(रु.हजारमा)

क्र.स.	बजेट उपशिर्षक	कुल खर्च		चौमासिक खर्च			
			प्रथम त्रैमासिक	दोस्रोत्रैमासिक	तेस्रोत्रैमासिक	चौथो त्रैमासिक	अषाढ महिना
१	पुँजीगत खर्चतर्फ	३८२५९५	५१३४४	६०५५२	१२३२५१	१४७४४७	११२४११
२	प्रतिशत	४४.१५	१३.४२	१५.८२	३२.२१	३८.५३	२९.३८

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ३८.५३ प्रतिशत तथा अषाढ महिनामा २९.३८ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

१० **आन्तरिक आय तुलनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

(रु.हजारमा)

आ.व.	केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आयको तुलनात्मक प्रतिशत
२०७९।८०	४६२५८०७६८	५७७३८८०१	१२.४
२०८०।८१	५६१२९९६१६	६५७९२५२७	११.७२
२०८१।८२	५३७४६६२१०	६९३०६०३६	१२.८९

११ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ६ करोड ९३ लाख ६ हजार, राजस्व बाँडफाँट र अनुदानबाट रु.७३ करोड ६६ लाख ९ हजार र बैंक मौज्दात रु.८ करोड ४६ लाख ९० हजार समेत रु ८८ करोड ५६ लाख ३ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ४२ करोड २४ लाख १७ हजार र पुँजीगत तर्फ रु.३८ करोड २५ लाख ९५ हजार समेत रु. ८० करोड ५० लाख १३ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१ करोड ८४ लाख १६ हजार खर्च भएको छ जुन आन्तरिक आयको २६.५ प्रतिशत रहेको छ । पालिकाको खर्च मध्ये ५२.४७ प्रतिशत चालु र ४७.५२ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ ।

१२ **अबण्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष किसान संग मेयर कार्क्रमको लागि लागि रु.२० लाख र आवश्यक पुर्वाधार निर्माण तथा स्तरोन्नती कार्यक्रको लागि भनि रु.६० लाख गरि कुल रु. ८० लाख अबण्डा बजेट व्यवस्था गरी १४ योजनामा रु. ४३ लाख ८३ हजार खर्च गरेको छ। अबण्डामा बजेट राखी सभावाट कार्यक्रम शंसोधनको निर्णय गरि खर्च गरेको देखिन्छ। तसर्थ बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

१३ **रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत सभाको निर्णयबाट रु. १२ करोड ७६ लाख ३६ हजार मिति २०८१।९।२५ मा रकमान्तर गरेको छ। उक्त रकम बजेटको तुलनामा ८.९ प्रतिशत हुन्छ। साथै रकमान्तर गरेको रकम मध्ये ३० योजनामा रु. ३ करोड ७५ लाख खर्च गरेको छैन। कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१४ **नीति तथा कार्यक्रम कार्यान्वयनको स्थिति :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(१)मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ । स्थानिय तहले पालिकावाट पारित नीति तथा कार्यक्रम अन्तर्गत रही योजना कार्यान्वियन गर्नुपर्ने देखिन्छ ।पालिकावाट प्राप्त विवरण अनुसार देहायका नीति तथा कार्यक्रमलाई बजेटले नसमेटेको कारण कार्यान्वियन भएको पाईएन ।

क्र.सं.	नीति तथा कार्यक्रम	कैफियत
१	गड्यौला मल उत्पादन गर्ने	
२	सहकारी संस्थालाई COPOMIS मा अध्यावधिक गर्ने	
३	नगर क्षेत्र भित्र नयाँ उद्योग स्थापना गर्ने	
४	माछा पोखरिको पानी परिक्षण गर्ने	
५	सार्वजनिक सम्पत्तिको विवरण अध्यावधिक गर्ने	
६	मापदण्ड विपरित प्लाष्टिकको झौला विक्रि वितरण रोक लगाउने	
७	नगरपालिका क्षेत्र भित्रका पुरातात्विक तथा धार्मिक महत्वका क्षेत्रलाई नगर सम्पदा सुचिमा सुचिकृत गर्ने	

१५ मध्यमकालिन खर्च संरचना:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उल्लेखित अनुसार मध्यमकालिन खर्च संरचना तयार गरेको देखिँदैन। सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउन, विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन समग्र पालिकाको अपेक्षिक उपलव्धी हासिल हुने गरी मध्यमकालिन खर्च संरचना तयार हुनु पर्दछ।

१६ राजश्व असूली:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आ.व २०८१/०८२ को आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३२ करोड २ लाख ३८ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.६ करोड ९३ लाख ६ हजार अर्थात अनुमान को तुलनामा ७३.८ प्रतिशत कम आय प्राप्त गरेको छ ।यस वर्ष आय अनुमानको तुलनमा निकै कम आय प्राप्त भएको पाईयो । त्यस्तै आ.व २०७९/०८० मा ५ करोड ७७ लाख ३८ हजार र २०८०/०८१ मा ६ करोड ५७ लाख ९२ हजार आन्तरिक आय प्राप्त भएको पाईयो । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

क्र स	राजस्व शीर्षक	आ.व. : २०७९/८० को प्राप्ती रु	आ.व. : २०८०/८१ को प्राप्ती रु	आ.व. : २०८१/८२ को अनुमान रु	आ.व. : २०८१/८२ को प्राप्ती रु	
१	सम्पती कर	५९,९८,५८४.६८	८९०५९६३.१६	६९०००००.००	५७५२६५२.८०	
२	भुमिकर/ मालपोत	७५,४१,१४५.६८	७३१३८८७.८३	८६०००००.००	१०२२७४२८.१२	
३	वहाल कर	६५,७८,७१३.४८	७००८९१८.१९	७५०००००.००	६४३५४९८.९८	
४	वहाल विटौरी कर	८४३६९.००	१४५४६४.३२	५००००.००	१७२३०३१०.९०	
५	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर		१२५२०४९५.४४	१००००.००	७०५१९.२५	
६	अन्य कर	८१००.७०	१२२४१२.७५	५००००.००	८७०९.००	
७	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१,२२,८६,५१८.२१	१०९५९०.००	१२५०००००.००	२०८१४४०.७५	
८	अन्य सेवा शुल्क तथा बिक्री	२३,१२,५८६.५०	२५६०२५१.००	१००००००.००	४१९९२१.५०	
९	न्यायिक दस्तूर		१००००.००	५०००.००	६००.००	
१०	शिक्षा क्षेत्रको आम्दानी	८७५००.००	५१९००.००	३०००००.००	५३५००.००	
११	अन्य प्रशासनिक सेवा शुल्क	८४५१३.५०	७७२४५७.००	१००००००.००	२८३०७६४.००	
१२	नक्सापास दस्तुर	६६,३७,६१५.३८	१२००.००	३००००००.००	४७५३८८८.७०	
१३	सिफारिश दस्तुर	५९,१६,१११.१३	६६७२१८२.१७	६००००००.००	४८९३३०२.१९	
१४	व्यक्तिगत घटना दर्ता दस्तुर		५७३५३८५.१२			
१५	नाता प्रमाणित दस्तुर	१,७८,३०३.७५	९७०५०.००	३००००.००	५६४५००.००	
१६	अन्य दस्तुर	४५,४७,२४८.०१	३३६५५८०.६०	६००००.००	२६६२३४७.७४	
१७	व्यावसाय रजिष्ट्रेशन दस्तुर	३४,०३,१३८.३५	६५९९९००.००	१००००००.००	२७५२४५०.००	
१८	प्रशासनिक दण्ड, जरिवाना र जफत	१६,००,८५४.९६	१३५७६.००	२५०००००.००	४५४१७८.००	
१९	व्यवसाय कर	४,७१,०९७.७०	७९३६६४.६३	४००००००.००	२६५४९८०.००	
२०	बेरूजू	०	२१९८५००.००	१०००००.००	४५५६८८.००	
२१	विज्ञापन कर	०	६००००.००	०	०	
२२	दहत्तर बहत्तर शुल्क	०	५६९१३५.०२	०	०	
२३	परीक्षा शुल्क	२४००.००	०	५००००.००	०	
२४	अन्य क्षेत्रको आय	०	०	२६४३३८८७०.००	५००३३५७.०२	
२५	सवारी साधन कर साना सवारी	०	०	३०००००.००	०	
२६	पुर्वधार सेवाको उपयोगमा	०	०	१०००००.००	०	

	लाग्ने कर					
२७	अखेटोमहारमा लाग्ने कर	०	०	५०००००.००	०	
२८	पर्यटन शूल्क	०	०	५०००.००	०	
२९	पार्किङ्ग शुल्क	०	०	२०००००.००	०	
३०	रेडियो एफ एम सञ्चालन दस्तुर	०	०	३००००.००	०	
३१	न्यायिक दण्ड जरिवाना र जफत	०	०	१००००.००	०	
३२	अन्य राजश्व	०	०	१०००००.००	०	
जम्मा		५७७३८८०१.०३	६५७९२५१३.२३	३२०२३८८७०.००	६९३०६०३६.७९	

यस पालिकाले पछिल्लो दुई आर्थिक वर्षमा पछिल्ला वर्षहरूमा राजश्वमा वृद्धि भएको पाईयो।पालिकाले यस वर्ष, पर्यटन शूल्क, सवारी साधन कर साना सवारी, पार्किङ्ग शुल्क,अखेटो पहार शुल्क,मनोरञ्जन शुल्क असूल हुने गरेको देखिएन। पालिकाले राजश्वको क्षेत्र तथा दायरा थप फराकिलो र अनुमानयोग्य बनाउनुपर्ने देखिन्छ ।

१७ आन्तरिक नियन्त्रण प्रणाली:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम रु.२५ लाख १२ हजार खर्च गरेको छ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• आन्तरिक लेखापरिक्षकको पद रिक्त रहेकोले आन्तरिक लेखापरीक्षण हुन नसकेको ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमनको औचित्य सहित प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु३५ लाख ५२क हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेता पनि भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.२९ लाख २७ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरे पनि यथासमयमा दाखिला गरेको देखिएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालयको अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ वनउनु पर्ने देखिन्छ ।

१८ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षकको दरबन्दी रिक्त भएको कारण नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।

१९ **कानून र सञ्चालन स्थिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४३ वटा ऐन, ८ नियमावली, ६३ कार्यविधि,१० निर्देशिका /मापदण्ड गरि १२४ वटा कानुन निर्माण गरेको विवरण पालिकाले उपलब्ध गराएको छ। निर्मित कानुनहरु आवश्यक्ताका आधारमा कार्यान्वयन गर्दै जानुपर्दछ ।

सि.न.	कानुन	संख्या	कैफियत
१	ऐन	४३	
२	नियमावली	८	
३	कार्यविधि	६३	
४	मापदण्ड/ निर्देशिका	१०	
	जम्मा	१२४	

२० **न्यायिक समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष देहाय अनुसार ६० विवाद दर्ता भएकोमा ५३ फस्र्यौट भई ७ मुद्दा फस्र्यौट हुन बाँकी रहेको ।

उजुरीको प्रकार	गत आ.व र यो आ.व मा थप समेत	यो आ.व मा फस्र्यौट	फस्र्यौट बाँकी
साँध सिमाना	१३	१२	१
आर्थिक लेनदेन	४	४	०
गाली बेईजति	४	३	१
न्या दिलाई/ जग्गा जोतभोग	२३	१८	५
सार्वजनिक स्थल सम्बन्धि	९	९	०
क्षतिपुर्ती	७	७	०
जम्मा	६०	५३	७

फस्र्यौट हुन बाँकि रहेका विवादमा दुवै पक्ष उपस्थित नहुनु,म्याद तामेलि ढिला हुनु, छलफल नहुनु,कानुनी सल्लाहाकारको अभाव, उपस्थित नहुनु ,मेलमिलाप केन्द्र नहुनु, सम्झौता नहुनु जस्ता कारण पालिकाले जनाएको छ ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गर्दै न्याय सम्पादनलाई अझै प्रभावकारि बनाउनु पर्दछ ।

२१ **सहकारी नियमन:**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था मध्ये १२ बन्द अवस्था र २० वटा संचालन अवस्थामा रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२२ **जिन्सी व्यवस्थापन:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।कार्यालयले यस वर्ष जिन्सी निरिक्षण गरी प्रतिवेदन पेश गरेको देखिन्छ ।प्रतिवेदनमा उल्लेखित देहाय बमोजिम विभिन्न सामानहरु गरी लिलाम बिक्रि गर्नुपर्ने भनि जनाएता पनि उक्त सामानहरुको लिलाम बिक्री गरेको पाईएन । अत: नियमावलीको प्रक्रिया अपनाई जिन्सी सामानहरुको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

क्र सं.	सामग्री	परिमाण	कैफियत
१	ट्याक्टर	१ थान	
२	टेलिभिजन	२ थान	
३	सिसि टिभि क्यामरा	३२ थान	
४	डेक्सटप	१४ थान	
५	सोफा सेट	४ थान	
६	डेक्सटप	१३ थान	
७	ल्यापटप	४ थान	
८	इन्भटर	३ थान	
९	मोबाईल	५ थान	
१०	टेबल	५८ थान	
११	दराज	३२ थान	
१२	एसी	१ थान	
१२	अन्य	४३२ थान	

२३ **कार्य सञ्चालन तथा अन्य कोष:**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष विपद कोष,विविध कोष, कल्या कोष जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.५ करोड २७लाख ३ हजार सहित रु.६करोड २१ लाख ८३ हजार आय र रु.२ करोड ५८ लाख १हजार खर्च गरी रु.३ करोड ६३ लाख ८२ हजार मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरा पना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

कोषको नाम	सुरु मौज्दात	यो वर्ष थप	यो वर्षको खर्च	बाँकी
विविध कोष खाता	२२४७८५५४	४९००५५	३०७२३९२	१९८९६२१७
प्रकोप ब्यवस्थापन	१३०५९२३	०	१२९५०२०	१०९०३
विविध खर्च खाता	२८९१८६७०	८९९०७७६	२१४३४१०१	१६४७५३४६
जम्मा	५२७०३१४८	९४८०८३१	२५८०१५१३	३६३८२४६७

२४ **यन्त्र उपकरण सञ्चालन:**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक र मर्मत खर्च तथा सञ्चालन आय निम्नानुसार रहेको छ। उपकरण संचालनको आय विष्लेषण समेत गरेको पाइएन।उपकरण संचालन कार्यविधि तयार नगरी पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो।पालिकाले उल्लेखित उपकरण संचालनका लागि रु.४७ लाख ७३ हजार लागत लाग्ने जनाएको छ भने आय गणना तथा विश्लेषण गरेको पाईएन । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

क्र.सं.	सामानको विवरण	इन्धन लागत	जनशक्ति लागत	मर्मत लागत
१	व्याको लोडर	४८००००	६७२०००	३३२९५१
२	एक्साभेटर	३७६००	६७२०००	०
३	टयाक्टर	४९८४००	६७२०००	६६५७५
४	दमकल	१६००००	११०२१२७	७९१५६
जम्मा रु		११७६०००	३११८१२७	४७८६८२

२५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन:**

२५.१ दरबन्दी पदपूर्ति:-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म विभिन्न पदका ५८ पदपूर्ति भई १० पदहरु रिक्त रहेको विवरण पेश गरेको छ। रिक्त मध्ये शिक्षा अधिकृत नवौ-१, सहायक चौथो-८ रहेका छन।

२५.२ कर्मचारी करार :_ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले विभिन्न पदमा ६८ कर्मचारीहरु करारमा राखी रु.२ करोड ७ लाख ८६ हजार खर्च लेखेको छ ।

२५.३ पालिका करार - स्थानीय तहले माथि उल्लेखित पद वाहेकको पदमा स्वीकृत दरबन्दी बेगर सहायक चौथो ४,कम्प्युटर अपरेटर पदमा १,कविराज गरी जम्मा ५ जना कर्मचारी दरबन्दी बाहेकका पदमा करार नियुक्ति गरी बर्षभरीमा रु.२० लाख ५हजार २५० भुक्तानी गरेको छ । दरवन्दी बाहेकको पदमा

कर्मचारी राखि तलव भत्ता खर्च लेख्ने मिल्ने कानूनी आधार नदेखिएकोले अनियमित देखिएको रु.

अनियमित भएको	२०,०५,२५०

२६ **प्रधानमन्त्री रोजगार कार्यक्रम:**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ५ वडामा ३ योजना सञ्चालन गरी यस वर्ष ५१ जनालाई औसत ९४ दिनले जम्मा ४८१२ दिन रोजगारी उपलव्ध गराई रु. ३२ लाख १४ हजार श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

वडा	कार्यक्रम/ योजना संचालन	ज्याला खर्च रकम	तलबमा खर्च भएको रकम	कुल खर्च रकम
५	३	३२१४०००	१२२५५११	४४३९५११

२७ **चालु खर्चतर्फः**

२७.१ **खर्च वृद्धिः** पालिको विगत तीन वर्षको प्रशासनिक प्रकृतिका चालु खर्चको स्थिति देहायबमोजिम उपलब्ध गराएको छ । यस वर्ष यस्ता खर्च समग्रमा गत आर्थिक वर्षहरुको तुलनामा कम भएको देखिन्छ । प्रशासनिक खर्चमा यस वर्ष कम भएता पनि आन्तरिक आयको तुलनामा बढी देखिएको हुँदा यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

सि.नं.	खर्चशिर्षक	२०७९।८० को खर्च रु.	२०८०।८१ को खर्च रु.	२०८१।०८२
१	करारका कर्मचारीको खर्च	२३२७४७०८	२७२६३३०३	२०७८६९०५
२	वैठक भत्ता	४२४४२७०	२४९९५७०	२५२६५५०
३	विविध	४६८८२९०	५१८९६२६	६२२५९९४
४	इन्धन	५६८१९६३	५७८८४१९	५४७४५८१
५	मसलन्द	३७७३४१२	४९६८४४२	४२०२३४६
जम्मा		**४१६६२६४३**	**४५७०९३६०**	**३९२१६३७६**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रशासनिक खर्च तर्फ आ.व.०७९।०८०मा ४ करोड १६ लाख ६२ हजार ,आ.व.०८०।०८१मा ४करोड ५७ लाख ९ हजार तथा आ.व.०८१।०८२ मा ३करोड ९२ लाख १६ हजार खर्च भएको देखिन्छ ।यस आ.व.मा प्रशासनिक खर्च कम भएको भएता पनि आन्तरिक आयको तुलनामा ५६.५८ प्रतिशत खर्च भएको देखिन्छ । अत: यस्तो खर्चमा नियन्त्रण गर्दै जानुपर्दछ

२७.२ **विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस वर्ष विविध,तथा सभा संचालन तर्फ निम्नानुसार ७५ लाख १० हजार खर्च गरेको छ। आन्तरिक आय रु.६ करोड ९३ लाख ६ हजार रहेकोमा उक्त विविध खर्च आन्तरिक आयको तुलनामा १०.८ प्रतिशत हुन आउँछ । यस्तो खर्च नियन्त्रण गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

क्र.स	खर्च शिर्षक	खर्च रु
१	पालिका तर्फ विविध खर्च	२९२८०००
२	१८ वडामा	३२८४०४०
४	सभा संचालन खर्च	१२९८१३२
जम्मा		**७५१०१७२**

२७.३ **ईन्धन खर्चः** सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ।पालिकाले रामग्राम नगरपालिकाको कार्यसंचालन निर्देशिका २०७८ तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ ।उक्त निर्देशिका अनुसार प्रति महिना प्रमुख प्रशासकिय अधिकृत ६० ली.,अधिकृत र सहायक स्तर कर्मचारी-१० ली,कार्यालय सहयोगि-५ली.,दमकल,एम्बुलेन्स,सरसफाई साधन तथा कार्यालय प्रयोजनका लागि प्रयोग गर्ने सवारीको हकमा आवश्यक्ता अनुसार ईन्धन उपलब्ध गराईने उल्लेख छ । सोहि मापदण्डको आधारमा पालिकाले ईन्धनमा यस वर्ष रु.५४ लाख ७४ हजार खर्च गरेको छ ।यस्ता खर्च नियन्त्रण गर्नु पर्दछ ।

सि.नं.	सवारी साधन	संख्या	ईन्धन लि	खर्च
१	पिक अप भ्यान	१	१०००	१६००००
२	मोटरसाईकल	३०	५४००	८६४०००
३	स्कुटर	१	१२०	१९२००
४	ब्याकु लोडर	१	३०००	४८००००
५	सकरपियो	३	७७००	१२३२०००
६	टयाक्टर	२	३११५	४९८४००
७	एक्साभेटर	१	२३५०	३७६०००
८	दमकल	१	१०००	१६००००
९	अन्य	१	१०५३१	१६८४९८१
जम्मा		**४०**	**३४२१६**	**५४७४५८१**

२७.४ **नपाउने इन्धन खर्च:** भ्रमण खर्च नियमावली , २०६४ को नियम ४ मा सरकारी खर्चमा भ्रमण गर्ने कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नु पर्दछ भन्ने व्यवस्था छ।पालिकाले तपशिल अनुसारका कर्मचारीले भ्रमण गर्दा भ्रमण साधन वापत रकम लिई सकेपछि पुन: विल समावेश गरी र कार्यकक्रम संचालन गर्दा अन्य विल सँगै इन्धनको विल समावेश गरी नपाउने इन्धनको रकम भुक्तानी लिएकोले उक्त रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.

क्र.सं.	गो. भौ. नं.	कर्मचारीको नाम	कुल खर्च	इन्धन खर्च रु	कैफियत
१	२९।२०८१।८।३	सुमित्रा चौधरी	१४९००	७५००	काठमाण्डौ भ्रमण
२	८३।२०८१।११।१०		२७७००	७५००	काठमाण्डौ भ्रमण
३	१३८।२०८२।२।६		१३४८३०	१००००	काठमाण्डौ भ्रमण
५	२३१।२०८२।३।२२	ज्ञान प्रकाश यादव	१००८१५	४०८७	कपिलवस्तु भ्रमण
जम्मा				२९०८७	

असुल गर्नुपर्ने	२९,०८७

२८ **आर्थिक सहायता/सहयोगः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुको लागि रु.११ लाख ६१ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सि.न	आर्थिक सहायता/ सहयोग प्राप्त गर्ने व्यक्ति	रकम
१	धार्मि तथा सांस्कृतिक संस्था सहायता	४६९१००
२	गैर सरकारी संस्था सहायाता	१३४६७३
३	५० व्यक्ति	५५८०५०
जम्मा		**११६१८२३**

२९ **अनुत्पादक खर्चः**

२९.१ **वितरणमुखी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ।कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वियन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ ।विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, विपरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ ।यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन:

गो भो नं र मिति	कार्यक्रम	रकम	कैफियत
११२९-२०८२।०३।२१	गरिब तथा विपन्न वर्गलाई जस्ता पाता र फलाम पाईप वितरण	४९१३१९	२६ थान पाता तथा ८५८.५४ के जी पाईप
११८०-२०८२।०३।२४	खेलकुद सामग्री वितरण	३९३०४०	क्रिकेट ब्याट ड्रेस ट्याकसेट
१२१९-२०८२।०३।२५	साझा युवा क्लबलाई सहयोग	७५०००	
१२२७-२०८२।०३।२५	विभिन्न सांस्कृतिक कार्यक्रम विभिन्न वडामा	१०००००	
९५३/९५४-२०८२।०३।०१	नगरस्तरीय खेलकुद सप्ताह कार्यक्रम	४७८०००	बुद्ध जयन्ती धार्मिक सास्कृतिक पुरातात्विक स्थानको जगेर्ना
८४१- २०८२।०१।२८	नगरस्तरीय खेलकुद सप्ताह कार्यक्रम	९१७७००	

२९.२ **स्थानीय कला संस्कृति संरक्षण तथा पर्व खर्च :** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहले उपयोगिता सृजना हुने कार्यक्रम छनोट गरी कार्यन्वयन गर्नुपर्ने व्यवस्था छ ।नगरपालिका र वडा स्तरीय बजेटमा विभिन्न पर्व जस्तै छठ, तिज कार्यक्रम, दुर्गा पुजा, लक्ष्मी पुजा, शुभदिपावली माघी लगायतमा बजेट विनियोजन गरी चाँडपर्व तथा दिवस मनाउन अनुदान दिएको छ।पालिकाले नगर प्रमुख, वडा अध्षक्षको तोक आदेशबाट यस वर्ष विभिन्न पर्व उत्सव, महोत्सव, धर्मिक, सामाजिक सास्कृतिक कार्यमा मापदण्ड वेगर

सहयोग दिई रु २१८१९७६ खर्च गरेको छ । नगरपालिकाले यस्ता पर्व तथा महोत्सव खर्चमा नियन्त्रण गर्नुपर्दछ ।नमुना छनोटको आधारमा परिक्षण गरेका केहि खर्चको विवरण निम्नानुसार रहेका छनः

गो भौ न	विभिन्न पर्व तथा दिसव	सहायता रकम
१३।०८१।५।२५	हजका लागि गाडी भाडा	२५०००
४४८।११।८	नेवा राष्ट्रिय मन्च	४५०००
११८।०८१।६।१९	महाशिवरात्री मेला व्यवस्थापन	१०००००
२१२।०८१।७।२८	नवदुर्गा पुजा समिति	१९९०००
२२४।०८१।८।५	छठ पुजा	१०००००
२२४।०८१।८।५	लक्ष्मी दुर्गा पुजा	१०००००
३२५।०८१।९।१२	तिज मिलन समारोह	९९९४०
५१८।०८१।१०।२५	माघी पर्व	१०००००
६०६।०८१।११।१८	छठघाट व्यवस्थापन खर्च	१०००००
६६१।०८१।१२।११	दुर्गा राम लिला कृष्ण लिला	१५००००
६६९।०८१।१२।१६	आदिवासी जनजाती महासंगको खाना महोत्सव	८४६७३६
६८३।०८१।१२।१६	माघे संक्रान्ती मेला कार्यक्रम	१०००००
७४२।०८२।१।३	कृष्णजनमाष्टमी मेला	९१३००
७७६।०८२।१।१४	दुर्गामाताको पुजा	१२५०००
जम्मा		२१८१९७६

३० **जेष्ठ नागरिक सँग मेयर कार्यक्रमः**

पालिकाले तयार गरेको जेष्ठ नागरिकसँग मेयर स्वास्थ्य निर्देशिका २०७७ को परिच्छेद २ मा कार्यक्रमको कार्ययोजना तयार गर्नुपर्ने र कम्तिमा महिनाको १ पटक सबै जेष्ठ नागरिकलाई घरमै गएर सेवा प्रदान गर्नुपर्ने उल्लेख छ ।सोहि निर्देशिकाको परिच्छेद ९ अनुसार सबै जेष्ठ नागरिकको अवस्थाबारे अनुसूचि २ अनुसारको चेकलिष्ट तयार गरी अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्ने उल्लेख छ ।पालिकाले उक्त कार्यक्रम सञ्चालन गरी यो वर्ष रु १५ लाख बजेटमा रु १०७६३५० खर्च गरेको छ ।सो मध्ये निम्नानुसारको भौचरबाट भएको खर्च मा देखिएका व्यहोराहरु निम्नानुसार छनः

• पालिकाले विभिन्न आधारभूत स्वास्थ्यचौकी तथा पालिकाका अन्य १७ स्वास्थ्य संस्थाहरुबाट ५० स्वास्थ्यकर्मीहरुले कुल २८६ स्वास्थ्य कर्मीलाई महिनाको १ पटक सेवा प्रदान गरी १२ महिनामा २१५२७ जेष्ठ नागरिक लाई सेवा प्रदान गरेको पाइएको छ ।

• पालिकाले यस कार्यक्रममा पालिकाका सबै जेष्ठ नागरिकलाई सेवा प्रदान गर्न सकेको देखिदैँन भने सेवा प्राप्त गरेकाको सेवा प्राप्त गर्ने आधार तय गरेको छैन ।

• पालिकाले स्वास्थ्य संस्थाबाट पायक पर्ने जेष्ठ नागरिकलाई कार्यक्रममा छनौट गरेको पाइएको छ ।

• पालिकाले थप उपचार आवश्यक परेका जेष्ठ नागरिकको लगत तयार गरेको छैन ।

पालिकाका उल्लेखित स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु घरमै गई जेष्ठ नागरिकलाई सेवा दिएको उल्लेख गरी प्रत्येक जेष्ठ नागरिक प्रतिपटक रु ५० दरले मासिक चेकजाँच गरेको १२ महिनाको प्रोत्साहन रकम स्वास्थ्यकर्मीहरुलाई भुक्तानी भएको छ ।पालिकाले कार्यविधि अनुसार कार्य योजना तथा चेक लिष्ट तयार गरी सबै वडाका जेष्ठ नागरिकले सेवा पाउने गरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

३१ गत विगतको भुक्तानीः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न योजना,तलव भत्ता,भ्रमण अनुगमन,फर्निचर खरिद,पत्रपत्रिका,सवारी मर्मत गरि कुल रु.४ करोड ३४ लाख ३६ हजार भुक्तानी बाँकी राखेको पाईयो । जस मध्ये देहायका नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी राखि रु.२६ लाख १३ हजार भुक्तानी दिएको छ। ऐनको प्रावधान विपरित विगतको भुक्तानी बाँकी राखि यस वर्ष भुक्तानी दिएको अनियमित भएको रु.

सिं नं.	गो भौ नं	विवरण	रकम रु.
१	४	कर्मचारी प्रोत्साहन भत्ता भुक्तानी	२४०३२७
२	२८	किरिया खर्च	१५६००००
३	३२०	सेवा परामर्श	२८८५००
४	४३,४५	भ्रमण भत्ता	५२४२९०
	जम्मा		२६१३११७

अनियमित भएको	२६,१३,११७

३२ बिमा तथा नविकरणः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ सरकारी रकम खर्च गर्दा मितव्ययी र हानी नोक्सानी नहुने गरि खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न सवारी साधानको सायमा विमा तथा नविकरण नगर्दा रु ११८०० जरिवाना भुक्तानी गरेको पाईयो ।यसरि समयमा नविकरण नगर्दा थप आर्थिक व्ययभार परेको रकम नियमित सम्मत नेखिएको रु.

अनियमित भएको	११,८००

३३ अन्य निकायको खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धी व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । सरकारी कार्यालयले सम्पादन गर्नुपर्ने कार्यका लागि आफै एल.एम.बि.आइ.एस. मार्फत बजेट माग एवम विनियोजन गरी बजेटको सिमा भित्र रहेर खर्च गर्नु पर्दछ | एउटा कार्यालयलाई प्राप्त बजेट अर्को निकायलाई स्वीकृत कार्यक्रम बेगर भुक्तानी दिन मिल्दैन। कार्यक्रम बेगर भुक्तानी दिदा एउटै निकायलाई एउटै कामकालागि बिभिन्न निकाय बाट दोहोरो भुक्तानी भए नभएको यकिन गर्न सकिएन। पालिकाले निम्नानुसार माताहतमा नरहेका अन्य कार्यालयको खर्च भुक्तानी गरेको देखिएकोले नियमसम्मत नभएको रु.

गो भौ नं र मिति	कार्यालय	विवरण	रकम
१२२७-२०८२।०३।२५	मालपोत कार्यालय परासी	पेन फाईल लगायत कार्यालय सामग्री	१२३७५४
९९६-२०८२।०३।०५	जिल्ला समन्वय समितिको कार्यालय	अल्पकालिन सेवा केन्द्र सञ्चालन	१०००००
७९१-२०८२।०१।१८	रेडक्रस व्यस्थापन अमरौट	रेडक्रस पर्खाल निर्माण	१०००००
७८-०८१।८।११	प्रहरी कार्यालय रामग्राम	प्रहरी विट निर्माण	२५४१८८
जम्मा			**५७७९४२**

अनियमित भएको	५,७७,९४२

३४ भ्रमण,अनुगमन तथा बैठक भत्ताः

३४.१ **अनुगमन भत्ता:** लुम्बिनी प्रदेश,स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ।सुविधा सम्वन्धी ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ ।नगरपालिका प्रतिनिधि तथा कर्मचरीहरुले नगरपालिका रहेको वडा कार्यालय र नगरपालिका कार्यलयसंग जोडिएका वडामा योजनाहरुको अनुगमन गरी भत्ता लिएको छ ।नगरपालिका कार्यालयबाट एक दुइ किलोमिटरको दुरीमा रहेका योजना प्रत्येक दिन १ वटामात्र योजना अनुगमन गरेको अनुगमन प्रतिवेदनमा योजनाको भौतिक प्रगति तथा सुझाव उल्लेख नगरी लागत अनुमान बमोजिम कार्य भएको र आयोजना स्थलमा सुचना पार्टी रहेको उल्लेख गरी निम्न पदाधिकारी तथा कर्मचारीलाई सुविधा सम्वन्धी ऐन विपरित भत्ता भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु

गो भौ न	पदाधिकारी तथा कर्मचारी	अनुगमन गरेको	भत्ता रकम	योजनाको नाम
५९६।११।१३	सम्झना चौधरी	वडा न १२, वडा न ५, वडा न ४, वडा न १२, वडा न ३,	५९५०	कसिया सिचंईको लागि पाइप वितरण,
	यम वहादुर कुवर		३४००	बाल मन्दिर पार्क व्यवस्थापन तथा पुर्वधार, पाल्ही बहुमुखी क्याम्पस फर्निचर वितरण
	लोक वहादुर चौधरी		१७००	
	बच्ची कोहार		५१००	
	माधव न्यौपाने		१७००	
	ललित नारायण चौधरी		२५५०	
	रामवृक्ष यादव		१७००	आर्दश मा वी खरिद गर्ने कार्य, नगरपालिक भित्र रहेको वोरिङ्ग मर्मत, वडा सौन्दरीकरण वडा न ५
	महेश्वर ठाकुर		४२५०	
	रामलाल भुषाल		४२५०	
	लाल वहादुर कोहार		१७००	
	उज्जवल न्यौपाने		१७००	
जम्मा			**३४०००**	

असुल गर्नुपर्ने	३४,०००

३४.२ **बैठक भत्ता:** अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका,२०७७ परिच्छेद ७ मा बैठक भत्ताको मापदण्ड तोकेको छ ।उक्त मापदण्ड अनुसार बैठक भत्ता प्रदान गर्ने बैठकको विषय वस्तु र सो को गम्भिरताको एकिन एउटै निकाय र अन्तरगतका पदाधिकारी कर्मचारीमात्र बस्ने बैठकमा भत्रा वितरण गर्न नमिल्ने तथा कानुन अनुसार गठन भएका समितिहरुको लागि मात्र बैठक भत्ता प्रदान गर्ने व्यवस्था छ। नगरपालिकाले गो.भौ.न १२४।०८१।६।२० बाट पालिकामा कार्यरत सेवा करार अन्तर्गतका श्रेणीविहिन कर्मचारीहरुको कार्यसम्पादन फाराम मुल्यांकन गर्न वसेको बैठक भत्ता निम्न कर्मचारीहरुले लिएकोले उक्त भत्ता लिन पाउने आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

कर्मचारीको नाम	बैठक वसेको	भत्ता दर	भत्ता रकम
यम वहादुर कुवर	१० पटक	१५००	१२७५०
कुन्दन कुमार चौधरी	१० पटक	१५००	१२७५०
रामलाल भुषाल	१० पटक	१५००	१२७५०
जम्मा			**३८२५०**

असुल गर्नुपर्ने	३८,२५०

३४.३ **पालिकामा भएका कार्यक्रममा कर्मचारीहरुलाई यातायात भत्ताः** लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा ४(ख) बमोजिम स्पष्ट विषयबस्तु र कार्ययोजना बिनाको बैठकमा भत्ता प्रदान गर्नु हुदैन। साथै एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा वैठक भत्ता प्रदान नगर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खर्च मितव्ययिता सम्बन्धी मापदण्ड, २०७८ को दफा ११ को उपदफा ४ मा नियमित कामको लागि वैठक भत्ता प्रदान गरिने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले भौ नं ११४०-२०८२।०३।२२ मा नगर/वडाका कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धि तालिम कार्यक्रममा पालिकाका कर्मचारीहरुले पालिकामा भएको कार्यक्रममा यातायात भत्ता बुझेको देखिएकोले नपाईने भत्ता सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु

क्रम संख्या	नाम	भुक्तानी रकम
१	रिजवान अहमद अन्सारी	१०००
२	उर्मिला जैसवाल	१०००
३	मुकेश नारायण लोनिया	१०००
४	मधुरी कुमारी चौधरी	१०००
५	मुकुन्द मरासीनि	१०००
जम्मा		**५०००**

असुल गर्नुपर्ने	५,०००

३४.४ **बढी भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ । पालिकाले गो भौ न ३६२।०८१।९।५ बाट वडा न ३ को प्रथम चौमासिक वडा समितिको बैठकमा ५ जना उपस्थिती रहेकोमा प्रति पदाधिकारी रु ४००० का दरले ४ महिनाको रु २०००० खर्च लेख्नु पर्नेमा वडा सचिव मुकुन्द मरासीनीलाई बैठक भत्तामा रु २४००० भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु ४००० कर कट्टा गरी वडा सचिवबाट असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३,४००

३५ **जस्ता पाता वितरणः**

सार्वजनिक निर्माण वापत विल विजकको भुक्तानी गर्दा निर्माण कार्यको प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादन भएको आधारमा भुक्तानी गर्नुपर्दछ।पालिकाले निम्न गो. भौ. नं. बाट गरिव तथा विपन्न वर्गलाई खरको छानामुक्त गर्न टिनको छाना वितरण गरेकोमा उक्त जस्तापाताबाट घरको छाना निर्माण गरेको प्राविधिक प्रतिवेदन पेश नगरेकोले वितरण गरेको जस्तापाताबाट घरको छाना निर्माण गरेको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१४,८९,१३०

३६ **पदाधिकारी पेश्कीः**

लुम्बिनी प्रदेश, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १३ मा सम्बन्धित स्थानिय तहले आफ्नो श्रोत तथा क्षमताका आधारमा निर्णय गरी सुविधा घटाउन सकिने तथा दफा १४ (२) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने उल्लेख छ । पालिकाले गो.भौ.नं ५०५।२०८१।१०।२२ बाट वडा नं ४ का वडा अध्यक्ष मदन यादवलाई मासिक सुविधाको रकम र दैनिक भ्रमण भत्ता बापत रकम रु.१६०००० पेश्कि दिएको छ ।

भने उक्त पेश्की लेखापरिक्षण अवधि सम्म फस्यौट समेत भएको पाईएन । यसरि नियममा भएको व्यवस्था विपरित पदाधिकारीले लिएको पेश्की उपयुक्त देखिदैन ।अत: कानुनमा भएको व्यवस्था विपरित लिएको सुविधा वापतको पेश्की फछ्यौंट गरी नियमित गर्नुपर्ने रु

अनियमित भएको	१,६०,०००

३७ **गैर सरकारी संस्था मार्फत खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्वन्धी तालिम, अभिमुखिकरण, सवलीकरण, मूल प्रवाहिकरण जस्ता कार्य गैर सरकारी संस्था मार्फत गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययि हुने भएकोमा तोकिएको प्रकृया अपानाई त्यस्तो कार्य गराउन सक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैरसरकारी संस्थावाट काम गराउनको लागी त्यस्तो कामको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै नियम ९९(२) अनुसार उक्त कार्य गराउनको लागी कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचिमा समाबेश भएका गैरसरकारी संस्थालाई कम्तीमा १५ दिनको अवधी दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकार गरी सम्झौता गर्ने उल्लेख छ । पालिकाले वडाको सिफारिसमा निम्नानुसारको रु.१६ लाख ३ हजारको कार्य गैरसरकारी संस्था मार्फत कार्य गराएको देखियो । उक्त कार्यलाई मितव्ययी र प्रतिस्पर्धात्मक रुपमा सञ्चालन गर्नुपर्दछ।

गो भौ नं र मिति	कार्यक्रम	भुक्तानीकर्ता	रकम
९९२- २०८२।०३।०५	विभिन्न दिवस समारोह मनाउने कार्यक्रम	प्रोग्रेसिभ इन्जिनियिर एसोसियसन (पिन) नेपाल	१०००००
१०३९-२०८२।०३।११	विपद पूर्व तयारी तथा प्रतिकार्य योजना	मैत्री समाज नेपाल	४९७५८८
१०४३-२०८२।०३।१५	कुशन तथा गुडिया बनाउने तालिम	पाल्ही टेक्निकल इन्स्टिचियुट प्रा लि	१४७२१०
११९७- २०८२।०३।२४	सूचनाको अधिकार सम्बन्धि अभिमुखिकरण कार्यक्रम	न्यायिक सरोकार संस्था	१९७१८५
१२००-२०८२।०३।२४	नसर्ने रोग सम्बन्धि निशुल्क शिविर संचालन	केयर प्लस हेल्थ क्लिनिक एण्ड प्याथोलोजी	३४७९००
९३०- २०८२।०२।२७	कुशन तालिम	पाल्हीनन्दन ट्रेनिङ्ग सेन्टर	१९७३७१
९५०- २०८२।०३।०१	वातावरणिय प्रदुषण परीक्षण कार्यक्रम/अनुगमन	लुम्बिनि एग्रो इन्भाएरमेन्ट ल्याब प्रा लि	२९३३७६
जम्मा			**१६०२९९०**

३८ **भर्पाई नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९)१० मा (जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले गो. भौ.नं २१-२०८१।११।०९ बाट वडा नं ४ मा विपद व्यवस्थापन कार्यक्रमबाट १५० थान ब्लाङ्केट रु.१४९० को दरले तृप्ति फर्निचर एण्ड सप्लायर्सबाट खरिद गरेकोमा १३६ थान ब्लाङ्केट वितरणको भरपाई मात्र पेश भएकोले बाँकी १४ थान ब्लाङ्केट वितरणको भर्पाई पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२०,८६०

३९ **किसानसँग मेयर कार्यक्रमः**

किसानसँग मेयर कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ तथा पालिकाको कृषि विकास तथा प्रवर्द्धनका लागि सिंचाई व्यवस्थापन कार्यक्रम अन्तर्गत रु २०००००० लाख बजेट विनियोजन भएकोमा रु.१८५०२३० अनुदान रकम खर्च भएको छ। पालिकाबाट तीन कृषक समुह तथा १ कृषि सहकारी संस्थालाई समेत सिंचाई बोरिङ्ग जडान तथा पूर्वाधार निर्माणमा ८५ प्रतिशत अनुदानमा बोरिङ्ग जडान भएको पाईयो । पालिकाबाट दिएको अनुदान रकम दोहोरो भए नभएको यकिन गरि अनुदानको अनुगमन समय समयमा हुनुपर्ने देखिन्छ।

क सं	समुह/ सहकारीको नाम	खुद भुक्तानी रकम	कृषक योगदान
१	कोटहीमाई कृषक समुह	४७९३०९	८५२२०
२	प्रगतिशील कृषक समुह	४४५६५१	७९१११
३	नेपाल कृषक समुह	४६०३७८	८१७१८
४	महादेव कृषि सहकारी संस्था लि.	४६४८९२	८२५१९
जम्मा		**१८५०२३०**	**३२८५६८**

४० **विभिन्न तालिमहरुः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था रहेको साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको हकमा बाहेक एक लाख रुपैया भन्दा बढी खरिद कार्य गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न तालिमहरुमा २८० जनालाई ४५ देखि ६५ दिनसम्मको तालिम संचालन गरेवापत रू.१४२१६५३ भुक्तानी दिएको छ।सो तालिम पश्चात कति जनाले व्यवसाय संचालन गरेको तथा प्रशिक्षार्थीहरुले व्यवसाय तथा उद्यम सुरु नगरेको तथा सो बाट जनताको जीवनस्तरमा परिवर्तन भए नभएको सम्बन्धमा अनुगमन मूल्याङ्कन भएको पाइएन । तालिम संचालनको लागि कति जनालाई तालिममा सहभागी गराउने, कति दिन संचालन गर्ने लगायतका विषय समेटी लागत अनुमान तयार गर्नुपर्दछ भने पालिकाले हालसम्म संचालन गरेका व्यवसायिक तालिम तथा कार्यक्रमहरुको उपलब्धि मापन गर्नुपर्दछ ।

गो भौ नं	तालिमको नाम	सहभागि संख्या	रकम
११६३- २०८२।०३।२३	चारपाङ्गरे ड्राईभिङ प्रशिक्षण	२३	३९८३२५
९८६-०८२।०३।०४	उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण तालिम	४७	२८३८००
९२७-०८२।०२।२६	महिला सशक्तिकरण कार्यक्रम	१६० जना	२९६९६४
१०९९- २०८२।०३।१९	युवा स्वरोजगारका लागि ड्राईभिङ्ग तालिम	१७	२९७१९०
१०५१- २०८२।०३।१९	युवाहरुलाई कम्प्युटर तालिम	३३	१४५३७४
जम्मा		२८०	१४२१६५३

४१ **विज्ञापन बोर्ड कोष खाता कट्टीः**

विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६(क) बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ । पालिकाले निम्न कार्यका लागि सूचना तथा विज्ञापन, पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रकाशित गरी रु.९९७४४९ खर्च जनाएकोमा ३ प्रतिशत रकम रु २९९२२ कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा दाखिला गरेको देखिएन ।पालिकाले विज्ञापन नियमावलीको व्यवस्था अनुसार सुचना तथा विज्ञापन रकमको ३ प्रतिशत कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा दाखिला गरि प्रमाण पेश गर्नु पर्ने रु

गो भौ न	सुचना प्रकाशन गर्नेको नाम	भुक्तानी रकम	३ प्रतिशत
२३,२४, ३७।०८२।३।२१	सिद्धार्थ पब्लिकेशन प्रा. ली	२१६३५१	६४९०
३७।०८२।३।२१	बुटवल मिडिया प्रकाशन प्रा.ली	८६१०५	२५८३
१००, ३६७, ३७० ४३२।०८२।३।२०	बुटवल पब्लीकेशन प्रा. ली	६९४९९३	२०८४९
		जम्मा	**२९९२२**

प्रमाण पेश नगरेको	२९,९२२

४२ **आन्तरीक आय व्यवस्थापनः**

४२.१ **ठेक्का व्यवस्थापनः** लुम्बिनी प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८ मा प्रदेश भित्र अनुसुचि ६ बमोजिम ढुङगा, गिटि, बालुवा,ग्राभेल, स्लेट, चुन ढुङ्गा, खरीढुङ्गा, भस्कट माटो र दहत्तर बहत्तर समेत ऐनमा उल्लेखित दरमा कम नहुने गरी प्रतिस्पर्धाको माध्यमबाट बिक्री गरी संकलित रकम स्थानीय र प्रदेश तह बिच बाँडफाँट गर्नुपर्ने ब्यबस्था छ। मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) अनुसार स्थानीय तहले मु अ कर लाग्ने वस्तुको बिक्री गर्दा मु.अ. कर असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाको क्षेत्र भित्र रहेका झरई,तुरीया र भलुही खोलाका कुल २३ वटा संकलन केन्द्रको आ.इ.इ. प्रतिबेदन २०७९ बमोजिम बार्षिक उत्खनन गर्ने भस्कटको अधिक्तम परिमाण १७५६०६१ क्युफिट निर्धारण गरेको देखिन्छ। झरई खोलाका विभिन्न संकलन केन्द्रबाट आ.व.२०८०।०८१ मा २८३२३६क्युफिट पालिकाले आफै संकलन गरि घाट गद्दि गरेकोमा यस वर्ष आय ठेक्का व्यवस्थापन गरेको पाईयो।

४२.२ **भस्कट मौज्दातः** पालिकाले आ.व २०८०।०८१ मा झरई खोलाबाट संकलन गरेको दुई संकलन केन्द्रको २८२३६क्यु फिट भस्कट बिक्रिका लागि उत्खन्न गर्दा लागेको लागत समेत रु.१५९७१६७.८ न्युनतम कवोल अंक निर्धारण गरी २०८१।३।१८ मा ठेक्का सुचना आह्वान गरेको देखिन्छ ।उक्त दुई संकलन केन्द्र मध्ये एक संकलन केन्द्रको १०८१०६ क्यु.फिट मात्र ठेक्का सकार गर्ने वाई एण्ड वाई कन्सट्रक्सन संग रु.६१२८५७ मा सम्झौता भई सम्झौताका वखत रकम जम्मा गरि उक्त रकम बाँडफाँड गरेको पाईयो । पालिकाले दुई संकलन केन्द्रबाट उत्खन्न गरी जम्मा गरेको २८२३६ क्यु.फि भस्कट मध्ये १७५१२९.९२ बिक्री नभई बाँकि रहेको देखिन्छ ।

४२.३ **राजश्व असुलीमा असरः** झरई खोलाका ७,तुरीया खोलाका ६ तथा भलुही खोलाका १० गरि २३ संकलन केन्द्रबाट आ.ई.ई प्रतिवेदन अनुसार १७५६०६१ क्यु.फि. भस्कट उत्खन्न गरि रु.७०२४२४४ आय प्राप्त गर्न सकिने भएता पनि पालिकाले ठेक्का लगाउने गरेको पाईएन ।पालिका स्वयं आफै उत्खन्न गरि संकलन गरेको २८३२३६ क्यु.फि. भस्कट मध्ये १०८१०६ क्यु.फि.मात्र ठेक्का सकार भई १७५१२९क्यु.फि. बिक्रि हुन बाँकि देखिन्छ । ठेक्का ब्यबस्थापन हुन नसक्दा आइइ प्रतिबेदन अनुसार यस बर्ष उत्खनन गरी बिक्री गर्न सकिने निम्नानुसारको परिमाणको राजश्व रकम न्यूनतम रु. ६५९१८२१ असुली हुन नभएको देखियो।अत :ठेक्का व्यवस्थापन गरि अधिकतम आय प्राप्त गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

सि.न	खोला	कुल घाट	उत्खनन हुने परिमाण क्यु फिट	न्यूनतम रोयल्टी	कैफियत
१	झरई खोला	७	३६६४१०	१४६५६४०	**१०८१०६ क्यु.फि बिक्री भएको ।**
२	तुरीया खोलाभ	६	४२२४०७	१६८९६२९	
३	भलुही खोला	१०	८५९१३८	३४३६५५२	
जम्मा			**१६४७९५५**	**६५९१८२१**	

४२.४ **पोखरीको आम्दानीः** पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८१ को दफा १२ वमोजिम पालिकाले संकलन गर्ने सेवा शुल्क आय, हाटवजार, पसल, जडिवुटी, कवाडी, जीवजन्तु, विज्ञापन जस्ता क्षेत्रवाट तोकिएको दरमा कर लगाईने उल्लेख भएको छ । पालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १३८ मा आय ठेक्का वन्दोवस्त सम्वन्धी व्यवस्था छ । पालिकाको क्षेत्रभित्र १०१ पोखरी पहिचान भएको देखिन्छ । उपरोक्त पोखरीहरु मध्ये ४४ वटा पोखरीको मात्र रु.४३७९६२० राजस्व प्राप्त हुंने राजस्व परामर्श समितिको २०७७।०१।०८ को निर्णयवाट देखिएको छ ।पुरै पोखरीको ठेक्का लगाउंदा कम्तिमा पनि रु.१ करोड भन्दा वढी राजस्व प्राप्त हुने देखिन्छ ।पहिचान भएका सबै पोखरी ठेक्का नलाग्दा आय गुमेको देखिन्छ । आ.व ७७/०७८ बाट ३ वर्षको लागि ठेक्का लगाएका देहायका पोखरीहरुको सम्बन्धित व्यक्तिबाट किस्ता रकम बुझाउन बाँकी रहेको विवरण पालिकाले उपलब्ध गराएको छ ।अन्य रकम समेत असुल गर्नुपर्ने भएमा एकिन तथा असुल गरी देहायका ठेक्का सकार गर्ने व्यक्तिबाट राखिएको धरौटि जफत गरि पालिकाको संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

क्र.सं.	पोखरीको नाम	पोखरी घोला रहको स्थान	ठेक्का सकार गर्ने व्यक्ती	सम्झौता मिति	सम्झौता अवधी	कबोल रकम	बुझाएको रकम	बुझाउन बाँकी रकम
१	मटखन्ना उत्तरारी पोखरी	रामग्राम १६	रविन्द्र कुमार अग्रहरी	२०७७.०८.१४	२०७९ चैत्र मसान्त सम्म	७४००	५०००	२४००
२	सेरखइया पोखरी	रामग्राम १६	नर सिंह चौधरी	२०७७.०८.१५	२०७९ चैत्र मसान्त सम्म	९३८०	८४४२	९३८
३	छटमइया पोखरी	रामग्राम १६	रुप नारायण यादव	२०७७.०८.१५	२०७९ चैत्र मसान्त सम्म	९३८०	८४४२	९३८
४	करवलिया पोखरी	रामग्राम १६	बलराम यादव	२०७७.०८.१५	२०७९ चैत्र मसान्त सम्म	३०५००	२७४५०	३०५०
५	बसहयि पोखरी	रामग्राम १६	रुद्र नारायण चौधरी	२०७७.०८.१४	२०७९ चैत्र मसान्त सम्म	३७१००	२४८००	१२३००
६	अमलहवा पोखरी	रामग्राम १६	राम हरख धोवी	२०७७.०८.१४	२०७९ चैत्र मसान्त सम्म	७४००	५०००	२४००
७	बेलहिया पोखरी	रामग्राम १६	बेलहिया पोखरी	२०७७.०८.१४	२०८० चैत्र मसान्त सम्म	७४००	५०००	२४००
८	मटिअहिया पोखरी	रामग्राम १०	ओम प्रकाश चौधरी	२०७८.४.२५	२०७९ अषाढ मसान्त सम्म	६२६५०	२५०६०	३७५९०
९	उजैनी	रामग्राम	मुन्द्रिका	२०७७.०८.१२	२०७९	१६०००	१४४००	१६००

	दोबाहा पोखरी	७	राठौर		चैत्र मसान्त सम्म			
कुल जम्मा						**१९४०९०**	**१३०४७४**	**६३६१६**

प्रमाण पेश नगरेको	६३,६१६

४२.५ **हाट बजार आय ठेक्काः** पालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १३८ मा आय ठेक्का वन्दोवस्त सम्वन्धी व्यवस्था छ । पालिकाले संकलन गर्ने सेवा शुल्क आय, हाटवजार, पसल, जडिवुटी, कवाडी, जीवजन्तु, विज्ञापन जस्ता क्षेत्रवाट तोकिएको दरमा कर लगाईने उल्लेख भएको छ ।स्थानीय राजश्व परामर्श समिति को मिति २०८१।२।११ को निर्णयले ६ वटा हाटबजार को लागि न्युनतम १ करोड ९३ हजार आय निर्धारण गरि ठेक्का लगाएको पाईयो ।नगरपालिकाको क्षेत्रभित्र हाटवजारको लागि ६ वटा स्थान तोकी ती क्षेत्रवाट ठेक्काबाट राजस्व असुली गर्न ठेक्का आव्हान भएकोमा लेखापरीक्षण हुंदा देहायको अवस्था देखिएको छ ।

सि नं	ठेक्का नं	हाटवजार क्षेत्र	न्युनतम अंक	ठेक्का अंक	ठेक्का सकार फर्म	राजस्व दाखिला	वांकी
१	१। २०८१। ८२	साप्ताहिक वुधवारे	२३७९५००	२९५१०००	बालगोपाल निर्माण सेवा	२९५१०००	देखिएन
२	२। २०८१। ८२	शनिवारे हाटवजार	२१४१५००	२५००००१	बालगोपाल निर्माण सेवा	२५००००१	देखिएन
३	३। २०८१। ८२	मंगलवारे पशु हाटवजार	४०५५०००	४०५५१००	एस एस कन्स्ट्रक्सन	४०५५१००	देखिएन
४	४। २०८१। ८२	मंगलवारे र शुक्रवारे	६२६१००	६४३०००	वाई एण्ड वाई कन्स्ट्रक्सन	६४३०००	देखिएन
५	५। २०८१। ८२	सोमवारे र शुक्रवारे	७८५५००	८८६०००	वाई एण्ड वाई कन्स्ट्रक्सन	८८६०००	देखिएन
६	६। २०८१। ८२	साप्ताहिक शुक्रवारे	११४५५६	१६००००	एस एस कन्स्ट्रक्सन	१६००००	देखिएन
जम्मा			**१०१०२१५६**	**१११९५१०१**		**१११९५१०१**	

उपरोक्तानुसार नियमावलीको प्रावधान अनसार पालिकाले २० लाख भन्दा माथिको कवोल अंक भएको ठेक्कामा अनिवार्य रुपमा E-bidding को माध्यमवाट गर्नपर्नेमा म्यानअल पद्धतिवाट स्थानीय स्तरको पत्रिकामा सचना प्रकाशित गरी गरेको छ । म्यानअल पद्धितवाट ठेक्का व्यवस्थापन हंदा मिलेमतो हने तथा प्रतिस्पर्धा सीमित हने जोखिम हने देखिन्छ । ठेक्काको सि.नं १.२./४.५/ ३.६ को ठेक्कामा एउटै व्यवसायीले ठेक्का प्राप्त गरेको देखिंदा प्रतिस्पर्धा सीमित भएको देखिएको छ । अतः ठेक्का आव्हान गर्दा रु.२० लाख भन्दा माथि अनिवार्य रुपमा E-bidding को माध्यमवाट ठेक्का गर्नुपर्दछ ।

४३ **सामाजिक सुरक्षा भत्ताः**

४३.१ सामाजिक सुरक्षा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले सामाजिक सुरक्षाको भत्ता ४ वटा बैंक मार्फत रु.२२२४४०२७८.०९ रकम निकासा भएकोमा रु. १८८२६६ फिर्ता गरको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

४३.२ प्रत्येक आर्थिक वर्षको अन्त्यमा फिर्ता गर्नुपर्नेमा पालिकाले विभिन्न अधिल्ला आर्थिक वर्षको सामाजिक सुरक्षा भत्ता वितरण पश्चात बाँकी रहेको रकम आ व २०८१।०८२ मा फिर्ता गरेको देखियो।जुन निम्नानुसार छः

फिर्ता सामाजिक सुरक्षा बैंक दाखिला प्रतिवेदन					
क्र स	**मिति**	**वडा नं**	**रकम**	**आ व**	**बैंकको नाम**
१	२०८१।०४।२१	५	१५९६०	२०७९।०८०	NIMB
२	२०८१।०४।२१	८ र १३	१२५३३	२०८०।०८१	लक्ष्मीसनराइज
३	२०८१।०६।०२	८ र १७	८६७५	२०८०।०८१	लक्ष्मीसनराइज
४	२०८१।०६।१४	१, २, ४, ७, ९, १२, १६ र १८	१०५६८७।४५	२०८०।०८१	Jyoti

पालिकाले सामाजिक सुरक्षा वापतको फिर्ता गर्न बाँकी रहेको रकम यकिन गरी समयमै फिर्ता गर्नुपर्दछ।

४३.३ सामाजिक सुरक्षा भत्ता रकम लाभग्राहीको खातामा रु ८५६७० रकम लगतकट्टा पछी समेत जम्मा भएको देखिएकोले उक्त रकम पालिकाले उक्त रकम फिर्ता गरी सो को प्रमाण पेश हुनुपर्ने रु.

सामाजिकसुरक्षाको किसिम	व्यक्तिगत परिचयनं.	नाम (अंग्रेजीमा)	वडा नं.	नागरिकता नं	जानु पर्ने रकम	लगत कट्टा लागु हुने मिति	खातामा EFT मार्फत गएको रकम
अन्य जेष्ठ नागरिक भत्ता	१९९१०१०११४११३	गोली देवी थारु	१४	३६०१५९५९०११८४	९२००	२०८१।०६।०९	१२०००
अन्य जेष्ठ नागरिक भत्ता	२००४०१२२०१४८९	रामदास अग्रहरी बनीया	१८	७८०	१०६६७	२०८१।०६।२०	१२०००
विधवा	२०२३१११६००१३६	सावित्री पाण्डे	५	२७९	२५७७	२०८१।०४।३१	७९८०
अन्य जेष्ठ नागरिक भत्ता	२००११२३२४९९४४	अल्गु केवट	८	५८०८	४०००	२०८२।०१।१५	१२०००
अन्य जेष्ठ नागरिक भत्ता	२०१११०१५०१९६८	धनदेई हरिजन	१६	३६१४८	५४६७	२०८१।०८।११	१२०००
अन्य जेष्ठ नागरिक भत्ता	२००३०७१५०३४२१	पतिराम अहिर	१६	१८२	२४००	२०८१।०७।१८	१२०००
अन्य जेष्ठ नागरिक भत्ता	१९९२०१०१०८०४८	सन्तोली केवट	१६	७५३	६१३३	२०८१।०८।१६	१२०००
अन्य जेष्ठ नागरिक भत्ता	१९८००१०१०१६५९	गालो थरुनी	१८	५५८१	९७९३	२०८१।०९।१३	१२०००
अन्य जेष्ठ नागरिक भत्ता	१९९९१२३२२६३७७	चोकर चौधरी	१८	३४०५	८६९०	२०८१।०९।०५	१२०००
अन्य जेष्ठ नागरिक भत्ता	१९९८०१०१२२६२४	टासे नाउ	१८	२५४६६	७६००	२०८१।०८।२७	१२०००
जेष्ठ नागरिक एकल महिला	२०१८०५११००८३२	किस्नावती देवी केवट	१८	३६-०१-७३-०३९९०	६३२९	२०८१।०९।११	७९८०
अन्य जेष्ठ नागरिक भत्ता	१९९८१२३११५३४१	विद्या प्रसाद अहिर	४	१८४०१	७८६२	२०८१।११।२८	१२०००
अन्य जेष्ठ नागरिक भत्ता	२००११२३१७१९९९	पंचम अहिर	७	१५११	६६२१	२०८१।११।१९	१२०००
अन्य जेष्ठ नागरिक भत्ता	२००८०८०८०७२५९	श्रीमति दुर्गावती पटनवार	७	११९४३	५२९०	२०८२।०२।१०	१२०००

अन्य जेष्ठ नागरिक भत्ता	२००७०५०१०२३४५	मोतीलाल तेली	१६	८१६०	८७५०	२०८२।०३।०६	१२०००
अन्य जेष्ठ नागरिक भत्ता	२००७१२३२४८१६६	श्री राम चन्द्र भर	१८	११०२०	९०००	२०८२।०३।०८	१२०००
पूर्ण अपाङ्गता भत्ता	२०१५१२२८०२२५५	टांसे बनिया	१८	१८८१७	३६०४	२०८२।०१।२८	११९७०
		कुल जम्मा			११३९८३	०	१९५९३०

प्रमाण पेश नगरेको	८१,९४७

४३.४ **पारदर्शिता:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा नगर कार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन ।कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

४३.५ **अनुगमन तथा निरीक्षण:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ ।

४४ **आन्तरिक स्रोत तथा राजश्व बाडँफाटबाट शिक्षकको तलव :**

अन्तर सरकारी व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलव भत्ता संघीय सशर्त अनुदानबाट उपलव्ध गराउने व्यवस्था छ ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमती प्राप्त लिइ संचालनमा रहेका र कुनै पनि दरवन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेको एंव विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ ।तर पालिकाले स्वीकृत दरवन्दी भित्र नपरेका एंव विद्यालयले गत विगत देखि नै आन्तरिक श्रोतबाट राखेका शिक्षकको शिक्षक विद्यार्थी अनुपात तथा दरबन्दी मिलान नगरी १२ विद्यालयमा विभिन्न तहका १६ जना शिक्षक नियुक्त गरी रु ३३२६५९८ खर्च लेखेको छ। शिक्षकको संघीय शसर्त अनुदानबाट तलव भत्ताको व्यवस्था भएकोमा नगरपालिकाले राजश्व बाँडफाँट तथा आन्तरिक श्रोत रकमबाट शिक्षक नियुक्त गरी तलब भत्ता खर्च लेख्ने कार्यमा न्युनीकरण गर्दै खर्चमा नियन्त्रण गर्नुपर्दछ।

४५ **शिक्षक विद्यार्थि अनुपातः**

४५.१ शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दी हुनुपर्दछ । साथै नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाइ नियमित पठानपाठनको व्यावस्था हुनुपर्दछ । नेपालको शिक्षा नियमावलीले विद्यार्थी शिक्षक अनुपात हिमालमा ४० विद्यार्थी बराबर १ शिक्षक, पहाडमा ४५ विद्यार्थी बराबर १ शिक्षक र तराई तथा उपत्यकामा ५० विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने व्यवस्था गरेको छ। यसमा सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।

४५.२ पालिका अन्तर्गतका मदरसा बाहेक २६ वटा सामुदायिक विद्यायलमा शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा प्रा.वि. तर्फ सबैभन्दा बढी अनुपात पवन मा.वि. परासीमा १:२९ अर्थात शिक्षक संख्या ९ विद्यार्थी संख्या २६५ छ । सबैभन्दा कम अनुपात आ.वि. लोहसडामा १:१२ अर्थात शिक्षक संख्या ५ र विद्यार्थी संख्या ६२ रहेको छ। नि.मा. वि. तर्फ सबैभन्दा

बढी अनुपात जनता मा.वि. देवगाउँमा १:११५ अर्थात शिक्षक संख्या २ र विद्यार्थी संख्या २३० रहेको छ। सबैभन्दा कम अनुपात आ.वि. लोहसडामा १:२० अर्थात शिक्षक संख्या २ र विद्यार्थी संख्या ३९ रहेको छ र मा. वि. तर्फ सबैभन्दा बढी अनुपात पवन मा.वि.परासीमा १:४२ अर्थात शिक्षक संख्या ६ र विद्यार्थी संख्या २५४ रहेको छ र सबैभन्दा कम अनुपात जनता मा.वि. लक्ष्मिपुर र राष्ट्रिय मा.वि. करमैनीमा १:११ अर्थात शिक्षक संख्या क्रमश: 4 र 3 र विद्यार्थी संख्या क्रमश: ४३ र ३२ रहेको देखिन्छ । यसरी शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन विद्यालयमा दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरिनुपर्छ।

४५.३ पालिका अन्तर्गतका विद्यालयमा निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकावाट सो भन्दा बढी हुने गरी ३ विद्यालयमा थप ३ शिक्षक व्यवस्था गरी रु ७६७००० थप तलव भत्ता भुक्तानी भएको छ।अत: अनुपात मिल्ने गरि आवश्यकताको आधारमा मात्र शिक्षक नियुक्ति गर्नुपर्दछ।

क्र सं	विद्यालयको तह	विद्यालय	कुल विद्यार्थी संख्या	कुल शिक्षक संख्या	शिक्षक विद्यार्थी	वढी	वढी
					अनुपात	शिक्षक संख्या	शिक्षकको तलब
नि. मा .वि. तर्फ							
१		ज्ञानज्योती आ. वि.धरमपुर	८१	३ मध्ये १ गापा	२७	१ गापा	२६००००
२		जनता आ. वि.प्रसावल	४०	२ मध्ये १ गापा	२०	१ गापा	२६००००
प्रा. वि. तर्फ							
१		सरस्वती आ.वि. बरारी	५७	३ मध्ये १ गापा	१९	१ गापा	२४७०००
जम्मा							**७६७०००**

४६ **दिवा खाजाः**

४६.१ शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्ने व्यवस्था छ।यस पालिकाले कक्षा वालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थि दिनको रु. १५ का दरले दिवा खाजा वापत २१३१ विद्यार्थीको लागि औषत १४२ दिनको रु.९० लाख ६९ हजार ९३० अनुदान विद्यालयहरुलाई उपलब्ध गराएको छ। पालिकाले खाजाको मेनु उपलब्ध गराएको छैन भने खाजाको गुणस्तरको बारेमा अनुगमन समेत गरेको पाइएन ।

४६.२ दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयको प्रध्यानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकीन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने , यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समय

भन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिनु पर्नेमा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिइएको पाइएन।साथै विद्यालयको प्रध्यानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई पेश गरेको पाइएन।

४६.३ **छात्रवृत्ती अनुदान :** नगरपालिकाको स्वीकृत कार्यक्रममा वाल विकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई उपस्थितीको आधारमा प्रति विद्यार्थि प्रति दिन रु १० का दरले नगद अनुदान दिने कार्यक्रम स्वीकृत गरेको छ।पालिकाले स्वीकृत कार्यक्रम अनुसार पहिलो चौमासिकमा रु १७८४०६० र दोस्रो चौमासिकमा रु २०८०३९।समेत जम्मा रु ३८६४४५० रकम ४२५७ जना विद्यार्थीलाई उपस्थितिको आधरामा नगद वितरण गरेको छ ।संघीय सरकारको हस्तान्तरीत चालु कार्यक्रमबाट प्रत्येक विद्यार्थीलाई दिवा खाजाको लागि रु १५ खर्च गरेको छ ।पालिकाले पनि विद्यार्थीलाई दिवा खाजामा रु १० थप गरी विद्यार्थीलाई नगद वितरण नगरी दिवा खाजामा रकम थप गर्ने गरी कार्यक्रम स्वीकृत गरी छात्रवृत्ती अनुदान खर्च गर्नुपर्दछ ।

४७ **निशुल्क पाठयपुस्तकः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को क्रियकलाप नं. २.४.६.२ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै विद्यालयले अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई समयमा वितरण गरे नगरेको सम्बन्धमा स्थानीय तहले संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने आदि व्यवस्था छ । यस पालिकाले यो वर्ष ऐच्छिक विषयको पाठ्यपुस्तक समेत ३३ वटा विद्यालयमा जम्मा रु.४५६५७३९।- पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् :

• विद्यालयले पाठ्यपुस्तक समयमा उपलब्ध गराए नगराएको,अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाले संयन्त्र बनाई अनुगमन गरेको पाइएन। अत: आवश्यक संयन्त्र बनाई पाठ्यपुस्तक वितरणको अनुगमन हुनुपर्दछ।

• पालिकाले आर्थिक वर्ष भित्र विभिन्न चरणमा कक्षा १ देखि १२ सम्म निशुल्क पाठ्यपुस्तकका लागि निकासा दिएको विद्यार्थी संख्या र अनुदानको एकिकृत अभिलेख तयार गरी प्रमाणित गर्ने र अभिलेखीकरण गर्ने कार्य गरेको छैन।

४८ **परम्परागत विद्यालयलाई अनुदानः**

परम्परागत शिक्षण संस्था (संचालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ को बुंदा नं.१० (२) मा परम्परागत विद्यालय अनुदान प्राप्त गर्नको लागि विद्यालयमा भर्ना भएका वालवालिका कम्तिमा ७५ प्रतिशत नियमित उपस्थित भएको हुनु पर्ने , पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यसामग्री समेतको प्रयोग गरेको हुनु पर्ने, साथै बुंदा नं.११ (२) मा अनुदान माग गर्दा सामुदायिक विद्यालयको प्रक्रिया पुरा गरेको हुनु पर्ने आदी व्यवस्था छ। तर पालिकाले यि व्यवस्था बमोजिम विद्यालय संचालन भए नभएको सुनिश्चित नगरी तपशिल अनुसारका ५ विद्यालयहरुलाई बार्षिक रु.१४००००० अनुदान निकासा दिएको छ। अत: पालिकाले मापदण्डको व्यवस्था वमोजिम विद्यालय संचालन भएनभएको एकिन गरिअनुदान प्रदान गर्नुपर्दछ।

क्र.सं.	विद्यालय	अनुदान रु
१	मदरसा अ. क.ओ., देवगाउँ	३०००००
२	मदरसा अ. अ. सु. फै.ओ., महुँवारी	३०००००
३	मदरसा अ. अ. सु. क. ओ., डिघबोल	३०००००
४	मदरसा गौ. क. ओ., पाडाटिकर	३०००००
५	मदरसा फै. आ. ह., अमहवा	२०००००
जम्मा		**१४०००००**

४९ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुद्दृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ।पालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट जनता आ.वि. जोकवारलाई ICT ल्याव व्यवस्थापनका लागी रु.६५०००० निकासा भएको छ। विद्यालयले Smart board १ pcs, Ups i७ १ pcs, All in all computer i५ २४” 1pcs, Leaser printer ३in१ १pcs, Cable ३०५ meter, School mgt. software १, Computer table १pcs ,Computer chair १pcs र Switch ८ port 1pcsखरिद गरी ल्याएका सामानको बील पेश गरेपनि दाखिला गरेको छैन। ल्याव स्थापना भई संचालनमा आएको छ भनी प्रतिवेदन पेश गरेका छैन। अत: तोकिएको ढाँचामा जिन्सी दाखिला गरेको प्रमाण, कार्यसम्पन्न प्रतिवेदन प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६,५०,०००

५० **आवासिय छात्रवृतीः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को २.३.४ क्रियाकलाप नं. ७.२.१.१ मा स्थानिय तहले भौगोलिक अवस्था, विद्यालय र घरको दुरी, अपाङ्गताको गम्भिरता र समुदायमा उनिहरुलाई अध्ययनका लागि अनुकुल विद्यालय नभएको कारणले विद्यालयको आवासमा बसेको भनी सम्बन्धित वडा कार्यालयबाट प्रमाणित भै आएका अपाङ्गता भएका र EMIS मा अद्यावधिक तथ्याङ्कका आधारमा प्रति विद्यार्थी प्रति महिना रु.५००० का दरले १० महिनाको लागि जम्मा रु.५०००० रकम विद्यालयलाई अनुदान दिने,विद्यालयले सो रकम मध्ये व्यक्तिगत सरसफाइका लागि आवश्यकपर्ने सामग्री (जस्तै:- साबुन, मञ्जन, बुरुस, स्याम्पु, क्रीम, रुमाल आदि) खरिद गर्न प्रति विद्यार्थी मासिक रु.५०० का दरले १० महिनाको जम्मा रु.५००० सम्बन्धित छात्र छात्रालाई भरपाइ गराई नगद नै अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था छ।साथै स्थानीय तहले EMIS रहेको अद्यावधिक तथ्याङ्कका आधारमा हिसाव गरी माग गर्न लगाउने, छात्रवृति वितरण गर्दा परिचयपत्र अनिवार्य पेश भएको हुनुपर्ने, स्थानीय तहमा विद्यार्थी लेखाजोखा प्राविधिक समिति गठन गर्नुपर्ने,स्थानिय तहले छात्रवृत्ती वितरण गरेको भरपाइ तथा समग्र कार्यक्रमको प्रभावकारीता अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले आदर्श मा. वि. परासीलाई २३ जना विद्यार्थीको लागि रु. ४००० का दरले १० महिनाको रु. ९२०००० र २ जना विद्यार्थीको लागि रु. ४००० का दरले ४ महिनाको रु. ३२००० गरी जम्मा रु. ९५२००० उपलब्ध गराएको छ।पलिकाले समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गरेको छैन। विद्यालयको आवासमा बसेको भनी सम्बन्धित वडा कार्यालयको सिफारिस, EMIS मा विद्यार्थीको अद्यावधिक तथ्याङ्क, छात्र छात्रालाई नगद बुझाएको भरपाइ, अपाङ्गताको परिचयपत्र पेश नगरी अनुदान उपलब्ध गराएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,५२,०००

५१ **नमुना विद्यालय अनुदानः**

५१.१ कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१३(९.५) मा विद्यालयको गुरुयोजना अनुसार खर्चका स्रोत सहित स्थानीय तहमा चालु आ .व.मा विनियोजित रकम खर्च गर्ने कार्ययोजना सहित स्थानीय तहमा माग गर्ने।स्थानीय तहले कार्ययोजनाको रुजु गरी कार्य प्रगतिका आधारमा शैक्षिक सत्र २०८० को शैक्षिक तथ्यांकमा विद्यालय १००० सम्म विद्यार्थी भए प्रति विद्यालय रु. ३० लाख ,१००१ देखि २५०० सम्म भए रु. ४५ लाख , २५०० भन्दा बढी भए रु. ६० लाख अनुदान उपलब्ध गराउने । यस आ.व.मा गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालय बिच सम्झौता गरी सम्झौता अनुरुप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पठाउने व्यवस्था छ।साथै उक्त रकम विद्यालयको गुरुयोजना अनुसार खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले नमुना विद्यलयको शैक्षिक तथा व्यस्थापकिय योजना कार्यान्वियनका लागि विज्ञान विषय संचालित नमुना वद्यालय आदर्श मा.वि. परासीलाई आ.ब.को अन्त्यमा गो. भौ. नं. २१४।२०८२।३।२० बाट रु.१२ लाख र गो. भौ. नं. २४९। २०८२।३।२३ बाट रु.१८ लाख गरी जम्मा रु.३० लाख उपलब्ध गराएको छ।पालिकाले विद्यालयसँग सम्झौता नगरी तथा विद्यालयबाट गुरुयोजना अनुसार कार्ययोजना लिई स्वीकृत नगरी रकम उपलब्ध गराएकोले नियमसम्मत देखिएन र लेखापरीक्षण अवधि सम्म पनि विद्यलयले शैक्षिक तथा व्यस्थापकीय योजना कार्यन्वयनमा खर्च गरेको विल भरपाइ तथा कार्यसम्पन्न प्रमाण पेश नगरेकाले शैक्षिक तथा व्यस्थापकिय योजना कार्यन्वयनमा खर्च गरेको विल भरपाइ तथा कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३०,००,०००

५१.२ **नमुना विद्यालय भवन निर्माण :** आर्दश माध्यमिक नमुना विद्यालयको प्रशासनिक भवन तथा विज्ञान ल्याव निर्माणको लागि पालिकाले विद्यालयलाई रु ८७१८५०७।अनुदान दिएको छ ।विद्यालय व्यवस्थापन समितिले भवन निर्माणको लागि निर्माण व्यवसायी पुजा निर्माण सेवासंग रु ८३१८५०७ को मिति २०८२।३।१० मा सम्पन्न गर्ने गरी मिति २०८१।११।२३ मा सम्झौता गरेको छ ।विद्यालयले सम्झौता अनुसार निर्माण व्यवसायीलाई रु ७९९४३४४ भुक्तानी दिएको छ । विद्यालयको भवन निर्माणमा कन्टिन्जेन्सी रु ४००००० समेत रु ८३९४३४४।खर्च भई बाँकी रहेको रु ३२४१६३ संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	३,२४,१६३

५२ **क्याम्पसलाई अनुदानः**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१।०८२ बमोजिम स्थानीय तहबाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यामिक विद्यालय तहसम्म तलव भत्ता तथा विद्यालय गतिविधिसंग सम्वन्धित क्रियाकलापमा खर्च गर्न सकिने व्यवस्था छ।पालिकाले माध्यामीक तह सम्मका विद्यालयमा मात्र बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्नुपर्नेमा पाल्ही वहुमुखी क्याम्पसको भौतिक पुर्वाधार निर्माण तथा शैक्षिक सुधारमा रु २७५८१२५ खर्च लेखेको छ । क्याम्पसलाई विश्व विद्यालय तथा अन्य प्रदेश सरकारबाट अनुदान पाउने गरेकोमा नगरपालिकाको कार्य क्षेत्र वाहिर गई क्याम्पसको खर्च लेखेको अनियमित देखिएको रु

गो भौ न	कामको विवरण	खर्च रकम
५६।०८१।६।६	क्याम्पसको सभाल व्यवस्थापन	४८२३९५
४३९।०८१।१०।८	भौतिक पुर्वाधार निर्माण	९९९६९१
६।०८१।५।२४	क्याम्पसको गेट निर्माण तथा अन्य	७९६६९३
१४०।०८१।१०।२३	क्याम्सको फर्निचर खरिद	४७९३४६
जम्मा		२७५८१२५

अनियमित भएको	२७,५८,१२५

५३ **ल्याव सामग्री सहयोग अनुदानः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१० को विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तरगत साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव विकास केन्द्रबाट प्राविधिक धार संचालन अनुदान प्राप्त गर्ने गरी निर्णय भई सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयको लागि प्रयोगशालाको स्तरोन्नति गर्न प्रति विद्यालय रु. २ लाख उपलब्ध गराउने व्यवस्था बमोजिम पालिकाले जनता मा. वि. डैनहवालाई रु. २ लाख उपलब्ध गराएको छ।विद्यालयले उक्त रकमबाट ल्याव सामग्रीको व्यवस्था गरी शिक्षक एवम् विद्यार्थीले नियमित रुपमा ल्यव सञ्चालन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,००,०००

५४ **निशुल्क उपचार सहायताः**

मृगौला प्रत्यारोपण गरिरहेका,क्यानसर रोगी,डाइलसिस गराइरहेका र मेरुदण्ड पक्षघातका विरामिलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७८ बमोजिम यस पालिकाबाट निम्नानुसार ७४ विरामिको लागि मासिक रु.५००० का दरले रु.३४ लाख ८० हजार उपलब्ध गराएको छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने

व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्ने तथा यस्तो सहायता पाउनेलाई दोहोरो नपर्ने गरी वितरणको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

क्रम	उपचारको किसिम	व्यक्ती संख्या	रकम रु.
१	मृगौला डायलाईसिस	७	३७७५००
२	क्यान्सर	६६	३०६२५००
३	मृगौला प्रत्यारोपण	१	४००००
जम्मा		**७४**	**३४८००००**

५५ **पौष्टिक आहार खरिद :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ को उपनियम २ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम र सम्वन्धित खर्च शिर्षकमा परेको बजेट खर्च गर्न सक्ने व्यवस्था छ।पालिकाको आर्थिक वर्ष २०८०।८१ को स्वीकृत कार्यक्रम गर्भवती तथा सुत्केरी महिला उपमेयर पोषण झोला वितरण खरिद कार्यक्रम आर्थिक वर्ष भित्र खरिद गरी वितरण गर्नुपर्नेमा पालिकाले पौष्टिक आहार नेपाल स्वस्थ फुड इण्डष्ट्रिज प्रा.ली संग ०८१।५।१४ मा सम्झौता गरी स्पेशल खिर १८६ केजी र स्पेशल हलुवा १८६ केजिका प्याकेट खरिद गरी रु.२७५३९६३ भुक्तानी गरेको छ।गर्भवती तथा सुत्केरी महिलालाई गेडागुडी, माछा ,मासु,दुध,अण्डा,मौसमी ताजा फलफूलको सन्तुलित भोजनमा प्रोत्साहन गर्नुपर्नेमा प्याकेटमा वन्द गरेको ६ महिना म्याद रहेको प्याकेट स्वास्थ्य चौकी मार्फत खिर तथा हलुवाको प्याकेट वितरण गरेको छ।नगरपालिकाले वितरणमुखी कार्यक्रम जुन आर्थिक वर्षको लागि स्वीकृत गरेको हो सोहि आर्थिक वर्षमा खरिद तथा वितरण गर्नुपर्नेमा खरिद ऐन तथा नियमावली विपरीत यस आ.व मा खरिद तथा वितरण गरेको नियमसम्मत नदेखिएको रु

अनियमित भएको	२७,५३,९६३

५६ **आँखा शिविर सञ्चालनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ । पालिकाले गो.भौ.नं. १२।०८१।५।२५ बाट नेपाल रेडक्रस सोसाइटी शाखा कार्यालय पटखौली मार्फत आखा शिविर संचालन गरी रु १००००० भुक्तानी दिएको छ । आँखा शिविरमा २१९ वटा चश्मा रु ३०० का दरले खरिद गरी रु ६५७०० खर्च लेखेकोमा १९७ वटा चश्मा मात्र विल पेश गरेकोले खरिद विल भन्दा २२ वटा चश्मा बढी खर्च लेखेको असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	६,६००

५७ **स्वयंसेविकालाई अतिरिक्त भत्ता भुक्तानीः**

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो आन्तरिक आयको विचार गरी कानूनी व्यवस्था गरेर मात्र कुनै पनि सेवा सुविधा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले स्वयंसेवकको रुपमा कार्य गर्ने महिला स्वंयसेविकालाई प्रति महिना यातायात खर्च वापत संघीय सरकारबाट रु.१००० तथा पोशाक खर्च वापत रु. १०००० गरी ४० जना महिला स्वंयसेविकालाई कुल रु ८८०००० भुक्तानी गरेकोमा पालिकाले दिर्घकालिन रुपमा आर्थिक व्ययभार पर्ने कुराको अध्ययन नगरी, आन्तरीक आय समेत विश्लेषण नगरी, तथा कार्यविधि समेत तयार नगरी ४० जना महिला स्वंयसेविकालाई प्रोत्साहन भत्ता स्वरुप प्रति महिना जम्मा रु.२००० भत्ता र १००० खाजाखर्च थप गरी कुल रु. ११२०००० अतिरिक्त खर्च गरेको छ ।अत: आन्तरीक आय समेत लाई विचार गरि यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

५८ **स्वास्थ्य संस्थालाई अनुदानः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ ।नगरपालिकाले गो.भौ.न. १६८।०८१।७।११ बाट निम्न १७ वटा स्वास्थ्य संस्थालाई रु १४८५००० लेखेको छ ।स्वास्थ्य संस्थाले प्राप्त रकमबाट कुन कुन कार्यमा खर्च गरेको खर्चको बिल भरपाई पेश नगरेकोले खर्चको प्रमाण पेश गर्नुपर्ने रु

अमरवन स्वास्थ्य चौकी	१२५०००
अम्रौट स्वास्थ्य चौकी	१०००००
हकुई स्वास्थ्य चौकी	१२५०००
सुक्रौली स्वास्थ्य चौकी	१२५०००
मन्जरीया स्वास्थ्य चौकी	१०००००
जमुवाड स्वास्थ्य चौकी	१०००००
उनवचद स्वास्थ्य चौकी	१२५०००
देवगाव स्वास्थ्य चौकी	१०००००
शहरिय स्वास्थ्य केन्द्र, चम्कीपुर	६५०००
शहरिय स्वास्थ्य केन्द्र, लक्ष्मीपुर	६५०००
आधारभुत स्वा से केन्द्र, रमाग्राम १	६५०००
आधारभुत स्वा से केन्द्र, रमाग्राम २	६५०००
आधारभुत स्वा से केन्द्र, रमाग्राम ४	६५०००
आधारभुत स्वा से केन्द्र, रमाग्राम ६	६५०००
आधारभुत स्वा से केन्द्र, रमाग्राम ९	६५०००
आधारभुत स्वा से केन्द्र, रमाग्राम ११	६५०००
आधारभुत स्वा से केन्द्र, रमाग्राम १५	६५०००

प्रमाण पेश नगरेको	१४,८५,०००

५९ **औषधी खरिदः**

५९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २५ लाख सम्मको औषधिजन्य माल सामान माल सामानको उत्पादकले राष्ट्रिय स्तरको समचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । पालिकाले यस वर्ष वोलपत्रबाट रु.५५३७१९१ र सोझै रु.१९८०३५ गरी कुल जम्मा रु.५७३५२२६ औषधि तथा सर्जिकल सामाग्रीहरु चुनचुन फार्मेसीबाट खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन।

५९.२ औषधिको म्यादः सम्झौताको बुँदा नं. ६ मा आपूर्ति भएका औषधिको म्याद सकिने मिति औषधि प्राप्त भएको समयदेखि कम्तिमा १८ महिना वा ७५ प्रतिशत वाँकी हुनु पर्दछ भन्ने व्यवस्था छ। माथि उल्लेखित चुनचुन फार्मेसीबाट खरिल गरेका विभिन्न प्रकारका औषधिहरु मध्ये ६८ प्रकारका औषधिहरु तोकिएको भन्दा कम म्याद भएकोमा पनि पालिकाले स्वीकार गरको छ। अतः स्पेशिफिकेसनमा तोकिए अनुसार पूर्ण अवधि भएका औषधि मात्र खरिद गर्नुपर्दछ ।स्पेशिफिकेसनले तोकिए भन्दा कम म्याद भएका औषधिहरुका केही उदाहरणहरु निम्न छन :-

क्र.सं.	औषधिको नाम	१८ महिनाको समयावधि	ब्याच नं.	म्याद सकिने मिति	खरिद परिमाण
१	Diclofenac Sodium १०० mg	२०२६ Dec	४५६१	२०२६ Nov	१५००० Tab
२	Metformin ५०० mg	२०२६ Dec	MT४२०	२०२६ Nov	३०००० Tab
३	Losartan५०mg	२०२६ Dec	१४०४६	२०२६ Nov	१००००Tab
४	Cetrizine १०mg	२०२६ Dec	४०८१	२०२६ Nov	५०००० Tab
५	Amoxycillin १२५mg DT	२०२६ Dec	०१००३	२०२६ oct	१०००० Tab

५९.३ **खोपको खेरजाने दर अधिक रहेको:** राष्ट्रिय खोप निर्देशिका (संशोधन), २०७९ को राष्ट्रिय खोप कार्यक्रमको शुक्ष्म योजना पुस्तिकामा खोपको खेर जाने दरको अधिकतम सिमा बि. सि. जी.मा ५० प्रतिशत, रोटामा ५ प्रतिशत,पोलियो(bopv) मा १५ प्रतिशत, fipv मा १० प्रतिशत, pcv मा ५ प्रतिशत, penta/DPT मा १५ प्रतिशत, दादुरा (MR) मा ४० प्रतिशत, Typhoid मा १० प्रतिशत, जापानिज इन्सेफालाइटिस(JE) मा ४० प्रर्तिशत, HPV मा १ प्रर्तिशत र Td मा १५ प्रतिशत हुनुपर्ने उल्लेख छ। पालिकाबाट प्रप्त खोपको विवरण र खेर जाने दर निम्न अनुसार भएको पाइयो।

बिवरण	**BCG**	**Penta/DPT/HepB/Hib**	**ROTA**	**OPV**	**FIPV**	**PCV**	**MR**	**TD**	**JE**	**HPV**	[illegible]
प्राप्त खोप संख्या (डोजमा)	६५४०	४०२०	२४९४	४०३०	३७६५	४०३६	४५७०	२४४०	२४१०	२७८६	[illegible]
खोप दिन खोलेको संख्या	४३२०	३१४०	१७९०	३१५०	२८८५	२९४८	३६६०	१९३०	१५८०	२५७०	[illegible]
खोप लगाएको बच्चाको संख्या	८०७	२११८	१७६३	२६१८	१७८९	२६९७	१९३५	१२१७	९५१	२५६९	[illegible]
खेर गएको खोप संख्या	३५७३	५२२	३७	५५२	११११	२५१	१७२५	७२३	६२९	१	[illegible]
फिर्ता संख्या	२१६०	८८०	६९४	८६०	८७५	१०८८	९१०	५००	८३०	२१६	[illegible]
खेर गएको दर (प्रतिशतमा)	८२	१७	२	१७	३८	९	४७	३७	४०	०.०.३	[illegible]

माथिको तलिका अनसार BCG को खेर जाने दर ५० प्रतिशत हन पर्नेमा ८२ प्रतिशत. Bopv मा १५ प्रतिशत हन पर्नेमा १७ प्रतिशत. Fipv मा १० प्रतिशत हनपर्नेमा ३८ प्रतिशत. pcv मा ५ प्रतिशत हुनपर्नेमा ९ प्रतिशत . penta मा १५ प्रतिशत हुन पर्नेमा १७ प्रतिशत. Typhoid मा १० प्रतिशत हन पर्नेमा २५ प्रतिशत. र Td मा १५ प्रतिशत हन पर्नेमा ३७ प्रतिशत, MR मा ४० प्रतिशत हुन पर्नेमा ४७ प्रतिशत खोप खेर गएको पाइयो। यसरी ११ खोपको खेरजाने दर विश्लेशण गर्दा Rota.JE र HPV मा मात्र तोकिएको मापदण्ड भित्र रहेको र अन्य ८ खोप तोकिएको मापदण्ड भन्दा बढी दरमा खेर जाने देखिएकोले आगामी दिनमा खोपको खेर जाने दर कम गर्दै तोकिएको मापदण्ड अनुसार सिमा भित्र राख्ने प्रयास गर्नु पर्दछ।

६० **कृषि तथा पशु अनुदानः**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय कार्यक्रम कृषि विकास संचालित कार्यविधि २०८१ अनुसार सरकारी अनुदान रकमको वितरण सदुपयोग सहि तरिकाले गरी खर्चको सार्वजनिकिकरण एंव अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने सँयन्त्रको विकास गरी उत्पानदन तथा उत्पादकत्वमा वृद्धि आए नआएको प्रतिवेदन तयार गर्नुपर्दछ ।पालिकाबाट प्राप्त विवरण अनुसार देहाय बमोजिम रु.७९ लाख ९६ हजार वितरण गरेकोमा अनुदान कार्यक्रको अनुगमन तथा प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।यस्ता खर्चको पारर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि अनुदानको अनुगमन गरि अनुदान प्राप्त गर्नेको विवरण पालिकाको वेभसाइटबाट सार्वजनिक गर्नुपर्दछ ।

अनुदानको विवरण	**अनुदानको किसिम**	**अनुदान रकम**
लसुन प्याज मिसन कार्यकम	सत प्रतिशत अनुदान	२६०५००
डिप टयुबवेल जडान	८५ प्रतिशत अनुदान	१८५०२३०
उन्नत गहुको विउ	५० प्रतिशत अनुदान	३२७३५००
तरकारी विउ	सत प्रतिशत अनुदान	१९८७१०
सुक्ष्म विषादि वितरण	सत प्रतिशत अनुदान	१९८१३०
वर्षे घाँस विउ	७५ प्रतिशत अनुदान	२८९५९०
हिउदे घाँस विउ	७५ प्रतिशत अनुदान	२७५९१०
स्प्रेय टयांकी पम्पसेट वितरण	५० प्रतिशत अनुदान	१९९२१६
इन्डक्सन चुल्हो वडा नं.४	५० प्रतिशत अनुदान	४४९८००
जम्मा		**७९९५५८६**

६१ **पुँजीगत खर्चको अवस्थाः**

सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्दछ ।पालिकाले यो वर्ष पुँजीगत शिर्षकबाट रु.३८ करोड २५ लाख २० हजार खर्च गरेकोमा रु. १८ करोड ९७ लाख ९७ हजार अर्थात् ४९.६ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु.३ करोड ६० लाख, सोझै बाट रु.१२ करोड २७ लाख ५० हजार , उपभोक्ता समितिबाट रु.३ करोड ३९ लाख ५३ हजारको खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

क्र.सं.	**खरिद विधि**	**संख्या**	**खर्च रकम**	**प्रतिशत**
१	खुला बोलपत्र	२४	१८९७९७०००	४९.६
२	सिलबन्दी दरभाउपत्र	२०	३६००००००	९.४
३	सोझै	४२५	१२२७५००००	३२
४	उपभोक्तासमिति वा लाभग्राही समुदाय	७१	३३९५३०००	८.८
जम्मा			**३८२५२००००**	

६२ **कार्यक्रम कार्यान्वयनः**

पालिकाले योजना तथा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमको उद्देश्य, रणनिती तथा कार्यनिती, उक्त कार्यक्रमको औचित्य, प्रभाव र कार्यान्वयन गर्न सक्ने क्षमताको आधारमा गर्नुपर्दछ । पालिकाले स्वीकृत वार्षिक कार्यक्रमहरू तोकिएको समयमा कार्यान्वयन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको विवरण बमोजिम बजेटमा उल्लेख भएका १६० कार्यक्रमहरुमा रु ४८ करोड ३९ लाख बिनियोजन भएता

पनि उक्त कार्यक्रमहरु कार्यान्वियन भएको पाईएन ।कार्यक्रम कार्यान्वियन नहुनुमा घाटा बजेट निर्माण हुनु, स्रोत अभाव, जग्गा विवाद, निर्माण व्यावसायीको ढिलाई जस्ता कारण पालिकाले जनाएको छ ।वास्तविकतामा आधारित रही वजेट तर्जुमा गरी स्वीकृत कार्यक्रमहरु बजेटको परिधि भित्र रही समयमै कार्यान्वियन गर्नुपर्दछ।कार्यान्वियन नभएका योजनाका केहि उदाहरणहरु निम्न छन:

क्र.सं.	कार्यन्वयन नभएकाकार्यक्रम	वजेट(रु.हजारमा)	कैफियत
१	वजार शौन्दिरकरण तथा सरसफाई कार्यक्रम	१०००	
२	सिंचाई तथा खानेपानी पुर्वाधार वडा नं.१३	११००	
३	सिंचाईका लागि टंकि निर्माण वडा नं.४	१०००	
४	रिङ्ग रोड निर्माण	४०००	
५	कसिया गाउंमा अधुरो सडक स्तरोन्नती वडा नं.१२	१५००	
६	नाला निर्माण डिघवल वडा नं.१५	१५००	
७	बैरिहवा — चन्द्रगढी सडक स्तरोन्नति	१०००	
८	विद्यालय मर्मत सम्भार	१५००	
९	वडा नं.३ कार्यालय भवन निर्माण	३३००	
१०	उत्तम वालहित मा.वि.पुर्वाधार निर्माण	१०००	
११	वडा नं.१ कार्यालय भवन निर्माण	१०००	
१२	टिप्पर खरिद	४५००	
१३	सुर्यपुरा सडक स्तरोन्नती वडा नं.४	१०००	
१४	घनश्यामपुर अधुरो सडक स्तरोन्नती वडा नं.८	१०००	
१५	कोटहीमाई मन्दिर जाने सडक स्तरोन्नती	७००	
जम्मा		**२५१००**	

६३ **मनमोहन स्मृती भवनमा सभाहल निर्माण(NCB-१६-०८१/०८२)**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ। कार्यालयले भवन निर्माण कार्यका लागि रु. ४२ लाख ५ हजारको लागत अनुमान स्वीकृत गरी वोलपत्रद्धारा लागत अनुमाको तुलनामा २५ प्रतिशत घटी रु.३० लाख ९९ हजार कवोल गर्ने निर्माण व्यवसायी सुमिदुर्गा कन्सट्रक्सन प्रा.ली. संग मिति २०८२।३।१० भित्र कार्य सम्पन्न गर्ने गरी २०८२।१।२६ मा खरिद सम्झौता भएकोमा रु.२५ लाख ८५ हजार को ८३.४२ प्रतिशत कार्य भएकोमा ठेक्काको कार्य अधुरो रहेकै अवस्थामा कार्य स्वीकार गरेको छ।निर्माण कार्यको विभिन्न आईटम मध्ये निम्न आईटमको काम कम भएको कारण न्युन कार्य प्रगतिमा नै कार्य स्वीकार भएको देखिनछ। अत: नियमावली विपरित कार्य स्वीकार गरेको अनियमित देखिएको रु.

(रु.हजारमा)

सि. नं	कामको विवरण	लागत अनुमानअनुसार		ठेक्का अनुसार कबोल दर	आईटममा घटेको प्रतिशत	काम भएको परिमाण	भएको कामको परिमाण प्रतिशत	कैफियत
		परिमाण	दर					
१	वाईरिङ कार्य(A.Cजडान)	२०	१९२८	५००	७५	०	०	
२	वाईरिङ कार्य	१००	६८०	५००	२६.५	०	०	
३	रङरोगन कार्य	२४८	३१८	२५०	२१.४	०	०	
४	पनिङ कार्य	६६३	२४६	२००	१८.७	०	०	
५	प्लास्टर	९५३	३५६	३००	१५.८	४६८	४९.१	

अधुरो कार्य पुरा गर्न पुन: कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्ने भएकोले यस्तो कार्य नियन्त्रण गरी ठेक्का सम्झौतानुसारको काम पुरा भए पछिमात्र कार्य स्वीकार गर्नुपर्दछ।

अनियमित भएको	२५,८५,०००

६४ **देवगाउँ मौबारी सडक निर्माण(ठे.न.५-२०८१।०८२)**

६४.१ पालिकाले संघीय समपुरक अनुदान स्रोत अन्तर्गत सडक निर्माणका लागि ५०/५० प्रतिशत खर्च व्यहोर्ने गरि कुल रु.२५६१३७४६ को लागत अनुमान तयार गरि ठेक्का आह्वान गरेको पाईयो । सबै भन्दा कम कबोल गर्ने लुम्बिनी सांस्कृतिक एसोसिएट्स –जयसवाल जे.भि संग २०८२।२।२५ सम्म सम्पन्न गर्ने गरि रु.१६४३१२७७ को ०८२।९।१४ मा सम्झौता भएकोमा देहाय बमोजिम पाईयो-

६४.२ समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७७ को बुँदा नं.६ मा स्थानीय तहलाई समपुरक अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको लागि ५० प्रतिशत सम्म अनुदान दिने व्यवस्था छ। सोही कार्यविधिको बुंदा नं.१३ मा खर्च नभएको रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। उक्त सडक निर्माण कार्यको रु.१ करोड ६४ लाख १६४ को कार्य भई कार्य सम्पन्न भएको पाईयो । समपुरक अनुदान अन्तर्गत खर्चको ५०/५० प्रतिशत व्यहोर्ने गरी कार्यक्रम स्वीकृत भएकोमा निम्नानुसारको ५० प्रतिशत पालिकाको खर्च नभई संघीय सरकार तर्फको बजेट बढी खर्च भएको देखिएकोले संघ तर्फको बढी खर्च संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

योजना	**जम्मा खर्च**	**संघी सरकारबाट खर्च**	**पालिकाबाट हुनुपर्ने खर्च**	**पालिकाबाट भएको खर्च**	**संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने**
देवगाउँ मौवारी सडक	१६४००१६४	८६६६४३३	८२०००८२	७७३३७२७	४६६३५३

प्रमाण पेश नगरेको	४,६६,३५३

६५ **अधुरो रङ्गशाला निर्माण(ठे.नं.२-०७९।२०८०)**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ अनुसार खरिद सम्झौताको आधारमा म्याद थप गर्नु पर्ने व्यवस्था छ ।सोही ऐन को दफा ५९ र ६३ तथा सार्वजिनक खरिद नियमावली, २०६४ को नियम १२०(११) र १२८ अनुसार ती ठेक्काहरुको पेश्की जमानी प्राप्ती गर्ने, ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ती लगाउने, ठेक्का तोडने, कार्यसम्पादन जमानी प्राप्ती गर्ने, जस्ता व्यवस्थाहरु छन । सार्वजनिक खरिद ऐन अनुसार खरिद सम्झौताको आधारमा म्याद थप गर्नु पर्नेमा त्यस विपरीत पटक पटक म्याद थप गरेको र यस कार्यालयले खरिद सम्झौताका ती व्यवस्थाहरुको कार्यान्वियन नगरेको कारण तपसिलको ठेक्कामा काम सम्पन्न नभई समायावधि बढदै गएको देखिन्छ ।

क्र.स.	निर्माण कार्य	निर्माण व्यवसायी	संझौता मिति	सम्झौता रकम	सुरु सम्पन्न गर्नुपर्ने मिति	म्याद थप पटक	अवधि	यो वर्ष सम्मको खर्च	भौतिक प्रगति
१	अधुरो रंगशाला निर्माण	व्रमाणी विरुपाक्षे विज्ञान जे.भि	२०८०।३।७	५१०२६२१२	२०८१।५।२२	३	०८३।२।३१	२६२६४७१५	५१.४७

अधुरो ठेक्का समयमै सम्पन्न गर्न तर्फ पालिकाले ध्यान दिनुपर्दछ

६६ **वडा नं.१५ वडा कार्यालय निर्माणः**

६६.१ पालिकाले वडा कार्यालय भवन निर्माणका लागि रु.३७७९५८२ को लागत अनुमान तयार गरि ठेक्का आह्वान गरेको पाईयो ।सबै भन्दा कम कवोल गर्ने राज निर्माण सेवा संग २०८२।३।१० सम्म सम्पन्न गर्ने गरि रु.२५६४७१२ को २०८२।३।१० सम्म सम्पन्न गर्ने गरि सम्झौता भएकोमा देहाय बमोजिम पाईयो ।

६६.२ **कार्यप्रगतीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ मा सार्वजनिक निकायले कार्य योजना अनुसार खरिद सम्झौता कार्यान्वियनको प्रगति अनुगमन गर्नुपर्ने,गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने लगायत सम्झौता कार्यान्वियन सम्बन्धी व्यवस्था गरेको छ।सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ । समय नियन्त्रणको लागि खरिद सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु छन् ।नगरसभाको मिति २०८२।३।१० को निर्णयले २०८२।१२।३० सम्म म्याद थप भएको पाईयो ।प्रथम रनिङ्ग विलको गो.भौ.न.२७२।०८२।१।१५ बाट रु.८०६४२१ भुक्तानि भएकोमा लेखापरिक्षण अवधि सम्म ३१ प्रतिशत प्रगति भएको देखिन्छ । अत: उक्त निर्माण कार्य सम्झौता बमोजिम सम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६६.३ **बिमा वापतको भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ।खरिद सम्झौता अनुसार निर्माण व्यवसायीले कार्यादेश प्राप्त गरेको ७ दिनभित्र बीमा लगायतका कार्यको तयारी गरी निर्माण कार्य शुरु गर्नुपर्ने व्यवस्था छ।निर्माण व्यवसायीले उक्त निर्माणकार्यका लागि २०८२।३।११ सम्मको विमा गरी सो बापत गो.भौ. २७२।०८२।१।१५ बाट रु.१२७३३ भुक्तानी लगेकोमा म्याद थप पश्चात विमा अवधि थप गरेको पाईएन । अत: नियमावलीको व्यवस्था अनुसार विमा अवधि थपको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१२,७३३

६७ **वडा नं.१६ वडा कार्यालय भवन निर्माणः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ मा सार्वजनिक निकायले कार्य योजना अनुसार खरिद सम्झौता कार्यान्वियनको प्रगति अनुगमन गर्नुपर्ने,गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने लगायत सम्झौता कार्यान्वियन सम्बन्धी व्यवस्था गरेको छ। । सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ । समय नियन्त्रणको लागि खरिद सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व

जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु छन् । पालिकाले वडा कार्यालय भवन निर्माणका लागि रु. ३८ लाख १२ हजारको लागत अनुमान तयार गरि ठेक्का आह्वान गरेकोमा न्युनतम कवोल गर्ने राज निर्माण संग २०८२।३।१५ सम्म सम्पन्न गर्ने गरी रु.२५ लाख १९ हजारको सम्झौता भएको देखिन्छ ।नगरसभाको मिति २०८२।३।१० को निर्णयले २०८२।११।३० सम्म म्याद थप भएको पाईयो ।प्रथम रनिङ्ग विलको गो.भौ.न.४१४।०८२।३।१९ बाट रु.२०१८९२१ भुक्तानी भएकोमा लेखापरिक्षण अवधि सम्म ८० प्रतिशत प्रगति भएको देखिन्छ । अत: उक्त निर्माण कार्य सम्झौता बमोजिम सम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६८ **सोझै खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा बीस लाख भन्दा बढी रकमको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान खरिद गर्नुपर्दा बोलपत्रको माध्ययमबाट खरिद गर्नुपर्ने,नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र योजना अनुसार २० लाख रुपैया सम्मको लागत अनुमान भएको मालसामान निर्माण कार्य सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ भने नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न सकिने व्यवस्था छ तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ। कार्यालयले यस वर्ष कुल ४२५ वटा आयोजनाको कोटेशन मार्फत रु.१२ करोड २७ लाखको ५० हजार सोझै खरिद गरेको देखिन्छ। खरिद कानून वमोजिम दरभाउपत्र वा वोलपत्रद्धारा खरिद कार्य गर्नुपर्दछ । सोझै खरिदको केही उदाहरण देहाय बमोजिम रहेको छ-

क्र.सं.	योजनाको नाम	वडा न.	निर्माण व्यवसायीको नाम	सम्झौता मिति	सम्झौता रकम	भुक्तानि रकम
१	ल्याण्डफिल्ड साईट जाने सडक स्तरोन्नती	१	जे वी कन्स्ट्रक्सन	२०८२/०१/०७	५५९,५९०.१२	५०६१९५.१
२	सहुवाटिकर सडक स्तरोन्नती	१	न्यू के.पी.सप्लायर्स	२०८१/१२/१४	६७२७७९.४	६०९७२३.१
३	रामुको घर देखी लाउरे दाईको घर सम्म तटबन्ध वडा नं.३ अल्या	३	गोपिगंज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	२०८२/०२/१६	७१३३३५.७	६४७२८८.५
४	सौन्दर्यकरण पुरै वडा	२	एम.एस.इलेक्ट्रनिक्स एण्ड एलेक्ट्रिकल्स इन्डस्ट्रीज प्रा.लि.	२०८१/०७/१३	७९७८८७.४	७२४४५३.५
५	हरिशुशिल विद्यालयको पूर्वाधार निर्माण तथा मर्मत वडा नं.३	३	एस.के.कन्सट्रक्सन	२०८१/०१/१७	९६५१८५.७	८७५९३६.७
६	सुनवल परासी रोड देखि मनोज हरिजनको घर सम्म सडक स्तरोन्नती वडा नं.३	३	आर वि कन्स्ट्रक्सन	२०८१/०७/१३	७९८०९५.१	७२४५०१.६
७	वाटो स्तरोन्नती पुरै वडा	३	डि.आर. आदित्य निर्माण सेवा प्रा.लि.	२०८१/१२/१७	८७०६२३.८	७८५७२५.९
८	अधुरो दुर्गा मन्दिर निर्माण रंग रोगन सहित उजैनी वडा नं.७	७	राजु निर्माण सेवा	२०८१/०९/०४	९७२६१२.४	८७९७४२
९	आदर्श मा.वि. मा पूर्वाधार निर्माण तथा मर्मत वडा नं.५	५	एभरेस्ट निर्माण सेवा सि.न.पा-१३	२०८२/०३/०३	९५८५९१.१	८६६७८१.१
१०	वडा सौन्दरीकरण तथा पोल तार बत्ति मर्मत	५	नेपाल हाईमास्ट लाइटिङ्ग प्रा.लि रुपन्देही	२०८१/०७/०६	९६८९७५	८७९७९५
११	प्रदिप बेल्दारको घर देखि पूर्व सडक स्तरोन्नती वडा नं.७ अल्या	७	वाइ.पि.निर्माण सेवा सुनवल-२	२०८१/१०/२९	९५५४४०.४	८६६२४२.१
१२	श्री उत्तम बालहित मा.वि. को अधुरो कम्पाउण्ड वाल निर्माणमा साईकल स्टयाण्ड निर्माण वडा नं.७	७	मनकामना कन्स्ट्रक्सन निर्माण सेवा प्रतापपुर-७	२०८१/१०/२८	९५६४५६	८६५६८०.५
१३	लोहरौली जाने बाटो देखि मायादेवी स्कुल सम्म सडक स्तरोन्नती वडा नं.७	७	जयसवाल ब्रदर्स कन्स्ट्रक्सन प्रा.लि. बर्दघाट-१२	२०८१/१०/२८	९६१५२६.८	८६७१०६.८
१४	फुलवरियामा कल्भर्ट निर्माण	१७	शिव निर्माण सेवा	२०८२/०१/१०	९७५२४८.६	८८३७९२.४
१५	नौडिहवा टोल जाने सडक स्तरोन्नती वडा नं.७	७	अंकित कन्स्ट्रक्सन सेवा रामग्राम-१६	२०८१/१२/१४	६७३५६५.४	५८५०२८.८
१६	कृषि सिचाई डिप टयुवेल निर्माण नदवा बिच टोल वडा	१०	मा कात्यायनी बोरिङ्ग तथा टयुवेल निर्माण	२०८२/०२/१६	९९५२१८.६	९०२६५०

	नं.१०		उद्योग प्रतापपुर-७			
१७	डिप बोरिङ्ग वडा नं.१० अल्या	१०	अभिनाष कन्स्ट्रक्सन	२०८१०९/०४	८९६७६६.८	७८५३३०.१
१८	गल्ली बाटो पि.सि.सि. ढलान नौडिहवा	१०	एस.एस.कन्स्ट्रक्सन ओमसतिया-४	२०८१/०९/०९	४८४८९५.६	४३२०४६.१
१९	कृषि सिंचाई डिप ट्युवेल निर्माण नदवा घोला छउ वडा नं.१०	१०	एस.के.कन्स्ट्रक्सन रामग्राम-२	२०८२/०२/२८	९७७५९१.८	८५८२७०.६
२०	डिजल पम्पको पश्चिम हुँदै उत्तर रक्सहा सम्म सडक स्तरोन्नती वडा नं.१०	१०	सौर्य कन्स्ट्रक्सन रामग्राम-७	२०८२/०२/२५	५८६६४६.२	५३२५२१.१
२१	कोटहीमाई मन्दिर नदवामा बाउन्ड्रीवाल निर्माण तथा व्यवस्थापन वडा नं.१०	१०	महादेव कन्स्ट्रक्सन प्रतापपुर-५	२०८२/०२/१६	४८३१०५.८	४३८४८७.२
२२	बैकुण्ठफुर खानेपानीको लागि नयाँ डिप बोरिङ्ग निर्माण	८	पौडेल निर्माण सेवा बुटवल-६	२०८१/१२/१७	७७१९७०.८	६९९६७०.४
२३	घनश्यामपुर अधुरो बाटो सडक स्तरोन्नती वडा नं.८ अल्या	८	आदित्य कन्ट्रक्सन पाल्हिनन्दन-२	२०८१/१२/१४	९७४६४१.७	८८२३६६.६
२४	डिप बोरिङ्ग जडान कार्य (समयमाई पोखरी र बौली पोखरीमा)	१५	ट्युबेल बोरिङ्ग सेवा केन्द्र प्रा.लि. देवदह-११	२०८१/१२/३०	९३४५५५.२	८४६९७४.५
२५	डिप बोरिङ्ग जडान कार्य (करणँमाई थान र नदियाटोला घिनाहाँ जोड्ने सिमानामा)	१५	राधा कृष्ण ड्रिल्लिंग एंड कन्स्ट्रक्सन गैडहवा-६ रुपन्देही	२०८१/१२/१४	५८९५२१	५३५२६४.२
२६	डिप बोरिङ्ग जडान कार्य (अजिमको घर अगाडी दक्षिण पट्टी र क्षेत्रियमार्गको पश्चिम पट्टी)	१५	न्यु चौधरी निर्माण सेवा मायादेवी-२	२०८१/१२/१४	५९०१९९	५३५२३८.६
२७	पि.सि.सि.ढलान कार्य जनता आ.वि.ननई	१५	नारायणहिटी कन्स्ट्रक्सन प्रा.लि. ओमसतिया-४	२०८१/१२/१४	७६९२१४.७	६९७१५६.७
२८	सुक्रौली खानेपानी जाने बाटो पि.सि.सि. ढलान कार्य	१५	तेजभक्त निर्माण सेवा प्रा.लि. मध्यपुर थिमी-१	२०८१/१२/१४	४९७३४४.६	४५१३३६.४
२९	रामुाशकरको खेत देखि मनमति हरिजनको खेत सम्म सडक स्तरोन्नती वडा नं.१५	१५	शिव शक्ति रियल स्टेट एंड सौरब कन्स्ट्रक्सन बर्दघाट-४	२०८१/११/०६	९६६४८९.२	८७०७०३.६
३०	अधुरो कालो पत्रे सडक ननई हुँदै ऐचावल सम्म वडा नं.१५	१५	ए.एस.पाल्हीनन्दन कन्स्ट्रक्सन	२०८१/०७/१४	९९०८५४.५	८९९१५०
३१	वडा कार्य्यालयमा ट्रस निर्माण वडा नं.१३	१३	पुजा निर्माण सेवा पाल्हिनन्दन-३	२०८१/०९/०४	९७२३५५.९	८७८९९२.८

३२	जनता आधारभूत विद्यालयको अधुरो भवनको छत ढलान कार्य वडा नं.१३	१३	सुमित कंस्ट्रक्सन एण्ड सप्लायर्स रामग्राम-२	२०८१/०९/०९	९६८९०१.२	८७९४५७.३
३३	बङ्गो ईट्टा भट्टा देखि घिनाहा जाने सडक स्तरोन्नती वडा नं.१८	१८	पाल अनमोल कस्ट्रक्सन एंड सप्लायर्स प्रा.लि.	२०८२/०१/१०	९९५७१३.१	९०३३५२.५
३४	पण्डितपुर गाँउ देखि दक्षिण इटा भट्टा सम्म सडक स्तरोन्नती वडा नं.१८	१८	ज्योती कन्स्ट्रक्सन एंड बिल्डर्स	२०८१/१२/१७	९७७२०१.४	८८६२००.५
३५	बन्जरिया देखि बङ्गो सडक निर्माण रामग्राम १८	१८	यादव कन्स्ट्रक्सन रामग्राम-१४	२०८१/०८/१८	६९१०७४.१	६२४४०४.७
३६	बिपन्न वर्गलाई जस्ता पाता तथा पाईप वितरण पुरै टोल+अति गरिब विपन्न दलितहरुलाई जनता आवास कार्यक्रमको लागि जस्तापाता र पाइप वितरण अल्या	१८	लक्ष्मी ट्रेडर्स सुनवल-८	२०८१/१२/१४	८१२२४८.८	७७३४३३.३
३७	धरमपुर लाइन नं.५ अधुरो सडक तथा नाला निर्माण	१८	जयसवाल कन्स्ट्रक्सन रामग्राम-१२	२०८१/१२/१७	९७३३५४.१	८८२९०४.१
३८	खानेपानी पाइप खरिद	१८	शिखर ट्रेड लिंक बुटवल-११	२०८१/११/२६	९६९४७४.५	९२३१४५.६
३९	देवगाव खानेपानी टंकी देखि दउरवा जाने सडक मर्मत	१७	रामग्राम बिल्डर्स प्रा.लि. रामग्राम-४	२०८१/०८/१२	९५८७९०.९	८६९१४४.८
४०	आइसाईलिक एलमुनियम बोर्ड निर्माण	२	बि.आर अमबेडकर ईलेक्ट्रीक तथा इलेक्ट्रोजिक सप्लायर्स रामग्राम-२	२०८२/०१/०७	५७६१०७.८	५१५३०९.४
४१	पटखौली रामकिसुनको घर देखि नरेश कुर्मीको घर सम्म सडक मर्मत तथा ढल निकास नर्माण	१७	शिवान्या निर्माण सेवा पाल्हिनन्दन-४	२०८१/०९/०९	५७२८३४.३	५१८५६९.४
४२	समयमााई मार्ग तथा कृषि सडक ग्रेभल गर्ने कार्य सुक्रौली वडा नं.१५	१५	सुशान्त निर्माण सेवा रामग्राम-१२	२०८२/०२/०२	८५८७७५.१	६७५५१५.३
४३	देवगाउँ खानेपानी योजना पाइप लाइन विस्तार तथा पूर्वाधार निर्माण रामग्राम १७	१७	सैलुंग कन्स्ट्रक्सन एण्ड डिप टियुव वेल कम्पनी सुर्यविनायक-३	२०८२/०२/११	९७०४८०.३	८४८३१०.३
४४	अधुरो दुर्गा मन्दिर निर्माण वडा नं.७	७	स्याङ्जा आलमदेवी निर्माण सेवा	२०८२/०२/३०	९७६७८९.७	८७२६६५.४
४५	उजैनी चोकमा पर्यटन प्रवर्द्धनको लागि सौन्दर्यकरण	७	पाण्डे बिल्डर्स पाल्हिनन्दन-४	२०८२/०३/१७	७८०६४७.४	६३४३७४.२

	तथा पूर्वाधार व्यवस्थापन					
४६	पिपरहिया अधुरो धर्मशाला भवन निर्माण	१७	करिश्मा निर्माण सेवा पाल्हीनन्दन-३	२०८२/ ०१/ ०३	७४०९७९.३	६६९३२६
४७	शिव प्र.चौधरीको घर देखी रामउग्र गुप्ताको घर सम्म र भगउ गुप्ताको घर देखि सत्य नारायण चौधरीको घर सम्म पि.सि.सि. ढलान अल्या	१७	आदित्य कन्ट्रक्सन	२०८१/ ०९/ ०९	९५७३८२.२	८६८०९९.५
४८	देवगाउँ छठघाट पि.सि.सी.ढलान	१७	आयुष कंस्ट्रक्सन निर्माण सेवा	२०८१/ १२/ १४	६२८६९१.३	५७०१५७.४
४९	डिप बोरिङ्ग जडान कार्य तोनवा/ सितापुर वडा नं.१६	१६	दुर्गा कन्स्ट्रक्सन	२०८२/ ०१/ १२	९७८९६१	८८६३४१.१
५०	उनवछ खानेपानीको लागि नयाँ डिप बोरिङ्ग गर्ने वडा नं.८	८	प्रतिभा एण्ड प्रमोद कन्स्ट्रकसन एण्ड सप्लायर्स	२०८२/ ०२/ ०२	९६३०४३.६	७८६०३९.५
५१	लोहसडा दिपनारायणको घरदेखि धर्मशाला सम्म बाटोको नाला तथा ढलान कार्य वडा नं.८	८	माली ब्रदर्स बिल्डर्स एंड सप्लायर्स प्रा.लि काठ्माडौ-३१	२०८२/ ०३/ ०४	७७४८६१.३	७००५४१.५
५२	डिप बोरिङ्ग जडान कार्य ननई वडा नं.१५	१५	उपाध्या कन्स्ट्रक्सन सियारी-२	२०८२/ ०२/ ०२	९५९०४६.८	८६८६९३.७
५३	देवगाव आय आर्जन साना किसान सहकारी संस्था बरारीलाई पूर्वाधार निर्माण	१७	कृष्णा निर्माण सेवा पाल्हीनन्दन-२	२०८२/ ०२/ १६	७७९६७७.९	६९७०८३.९
५४	शहीद जगदीश पासवान प्रवेशद्धार निर्माण वडा नं.७ अल्या	७	रामग्राम कन्स्ट्रक्सन	२०८१/ ०८/ १८	९६९२४५.९	८७८४२८.६
५५	रिटिनङ्कवाल निर्माण मट्खन्ना पोखरी वडा नं.४ अल्या	४	बिराज कन्ट्रक्सन सरावल-१	२०८१/ १२/ १७	७७६६५३.३	७०४२९४.५
५६	सामुदायिक धर्मशाला निर्माण देउरवा	७	लक्ष्मी एण्ड शिव कन्स्ट्रक्सन प्रा.लि. रोहिणी-१	२०८२/ ०२/ ०२	९७७४१४.६	८८४१४६.५
५७	लोहसडा दिपनारायणको घरदेखि धर्मशालासम्म बाटोको नाला तथा ढलान कार्य	८	ओम निर्माण सेवा सुस्ता-२	२०८२/ ०१/ ०५	९७०५०१.६	८७५४०८.९
५८	घनश्यामपुर गाउँमा बाटो ढलान गर्ने कार्य वडा नं.८	८	लक्ष्मी मल्टिपरपोज प्रा.लि सुनवल-१	२०८१/ १२/ १५	९६९४५८.८	८७५७१८.७
५९	पण्डितपुरमा उत्खनन तथा संरक्षण कार्य	१८	बाल गोपाल निर्माण सेवा रामग्राम-१	२०८२/ ०३/ ०९	५५२९९८.८	५०१४३९
६०	इमली रुखतल रहेको देवस्थान पूर्वाधार निर्माण	६	एस.आर.कंस्ट्रक्सन रामग्राम-६	२०८१/ १२/ १७	६२१६५८.७	५६१०९९.८

	जम्मा					५४३३६२६६.८५

६९ **नगर भित्रका सडक मर्मत :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ को उपनियम १(ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ ।पालिकाले निम्न निर्माण व्यवसायीसंग कोटेसन लिइ नगर भित्रका पुरै वडामा मर्मत तथा ग्रावेल विच्छयाउने काम गरी निर्माण व्यवसायीलाई रु १९५२६२९ भुक्तानी दिएको छ ।निर्माण व्यवसायीले मर्मत तथा सव वेसको निर्माण गरेको स्थानको नाम तथा चेनेज उल्लेख नगरी पुरै वडामा निर्माण गरेको भनि खर्च लेखेकोले कुन कुन स्थानमा सडक मर्मत, सव वेस तथा ग्राभेलको कार्य गरेको प्रमाण पेश गर्नुपर्ने रु

गो भौ न	काम गरेको विवरण	काम गरेको स्थान	निर्माण व्यवसायी	भुक्तानी
५२।०८१।६।१८	सडक ग्राभेल सव वेस	१ देखि १८ वडामा	वाइ वाइ कन्स्ट्रक्सन प्राली	९८५७४४
११७।०८१।१०।९	भित्री सडकहरुको मर्मत	वडा न ९	प्रत्युस कन्स्ट्रक्सन	९६६८८५

प्रमाण पेश नगरेको	१९,५२,६२९

७० **टयांक कोटमा बढी भुक्तानी :**

गो.भौ.न १९०।०८१।९।२९- सडक विभागबाट स्विकृत भएको सडक निर्माणको स्पेसिफिकेसन,२०७८ को Section- 1300 Bituminous Surface and Base course को पृष्ठ २१५ मा टयांक कोट प्रति वर्ग मिटर ०.४ देखि ०.६ सम्म हुने उल्लेख गरेको छ । पालिकाले लाइन न. ३ को अधुरो कालोपत्रे कार्यको वडा न १८ मा निर्माणमा स्पेशिफिकेसन भन्दा बढी टयांक कोटमा १.०५ का दरले ११४८.४० बर्ग मिटरको निर्माण व्यवसायी शुभलक्ष्मी कन्स्ट्रकसन प्रा.ली. लाई रु.१४८२९१ भुक्तानी दिएकोले स्वीकृत स्पेशिफिकेसन नर्म्स भन्दा प्रति वर्ग मिटर ०.४५ बढी दिएको रकम असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	६३,५८५

७१ **पण्डितपुरमा उत्खनन तथा संरक्षण कार्यक्रम रामग्राम :**

प्रसिद्ध पुरातात्विक स्थल पण्डितपुरमा उत्खनन तथा संरक्षण गर्न पुरातत्व विभागको अनुरोधमा पालिकाले रु १५ लाख बजेट विनियोजन गरेको छ । विभागको मिति २०८१।१२।१४ को निर्णय र खर्च बाँडफाँट अनुसार नगरपालिकाको उपरोक्त बजेटबाट खर्च हुने गरी पुरातत्व विभागको नेतृत्वमा विज्ञ टोलीले मिति २०८१।१२।१४ गते देखि उत्खनन गर्ने कार्यक्रम स्वीकृत गरेको छ । पण्डितपुरमा उत्खनन तथा संरक्षण कार्यको लागि अरविन्द चौधरीले रु.३५०००० पेश्की लिएको छ ।उत्खन्न तथा संरक्षण कार्य मिति २०८१।१२।१४ देखि ०८२।१।१४ सम्म २१ जना ज्यामीले उत्खनन गरेको डोरहाजिर रु ४५३८७९, पुरात्वत्व विभागका कर्मचारीको दैनिक भ्रमण भत्ता रु.१७६०००, उत्खननको लागि आवश्य पर्ने विभिन्न सामाग्री, इन्धन, होर्डिङ वोर्ड, सामान राख्ने कोठा भाडा लगायतमा रु.३०४९५० समेत रु ९३४९५४।खर्च गरेको छ । पालिकाले पुरातत्व विभागको निर्णय अनुसार शिर्षकमा मात्र उत्खनन कार्य गरी खर्च गर्नुपर्नेमा अन्य कार्य निर्माण व्यवसायीसंग सोझै sal wood beam, wooden floor Fixing, wooden dashboard निर्माण गरी गो.भौ.न ४५।०८२।३।२३ बाट रु ५५२२६७। खर्च लेखेको छ ।पुरातत्व विभागको निर्णय र खर्च वाँडफाट शिर्षक भन्दा अन्य कार्य गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु

अनियमित भएको	५,५२,२६७

७२ **सीमा भन्दा बढीको खरिदः**

सार्वजनिक खरिद नियमावलीको नियम ८५ (१) ख मा एकपटक वा पटक पटक गरी रु. १० लाख भन्दा वढी रकमको मालसामान एउटै व्यक्ती फर्म वा कम्पनी तथा संस्था वाट सोझौ खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले यस वर्ष देहायका फर्म वाट रु. १०

लाख भन्दा वढी एउटै फर्म वाट सोझौ खरिद गरी भुक्तानी दिएको छ । नमूना परिक्षण गर्दा पालिकाले कानूनको पालना नगरी तोकिएको सिमा भन्दा वढी सोझौ खरिद गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

क्र.सं.	गो.भौ	खरिद सामाग्रि	सप्लायर्स	खर्च रकम रु
१	९९८,९८९	पाठ्य पुस्तक खरिद	आईडिया डिजाईनर्स एण्ड अफसेट प्रेस	११४९४१०
२	११,६१,३१२,११२,१३५	खाना नास्ता	रिवोर्न होटल एण्ड पार्टी प्यालेस	११६१३१२
३	११,३४,१५१	सुचना प्रकाशन	वुटवल पब्लिकेशन प्रा.ली	११३४१५१
जम्मा				**३४४४८७३**

अनियमित भएको	३४,४४,८७३

७३ **प्रदेश समपुरक अनुदान :**

प्रदेश समपुरक अनुदान कार्यक्रम संचालन कार्यविधि,२०७६ मा बचत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने र लागत बढन गएमा बढेको रकमको दायित्व स्थानीय तहले व्यहोर्नुपर्ने उल्लेख गरेको छ।पालिकाले प्रदेश सरकार र स्थानीय तहको पचास/ पचास प्रतिशत लागत साझेदारीमा सडक नाला तथा बाटो स्तरोन्नती गर्ने गरी कार्यक्रम स्वीकृत गरेको छ । स्वीकृत लागत साझेदारी अनुसार बजेट खर्च गर्नुपर्नेमा निम्न योजनाहरुमा स्थानीय तहको बजेट भन्दा प्रदेश सरकारको बजेट बढि खर्च गरेको छ । स्वीकृत लागत साझेदारी अनुसार खर्च गर्नुपर्नेमा प्रदेश सरकारको बढी खर्च भएको रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु

योजनको नाम	खर्च रकम	प्रदेश सरकारको खर्च गर्नुपर्ने	प्रदेश सरकार खर्च	बढी खर्च
जितपुर देखि क्याम्पस सडक तथा नाला निर्माण	६०६०४४०	३०३०२२०	३१७२४५९	१४२२३९
पाँचगाँवा देखि कुनवार सडक निर्माणा रामग्राम १२	३६८४२१०	१८४२१०५	१९७७७९१	१३५६८७
जम्मा				**२७७९२६**

प्रमाण पेश नगरेको	२,७७,९२६

७४ **जडान नभएको:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम सार्वजनिक निर्माण वापत विल विजकको भुक्तानी गर्दा निर्माण कार्यको प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादन भएको आधारमा भुक्तानी गर्नुपर्ने तथा नियम १२५बमोजिम कुनै पनि निर्माण कार्यको कार्यसम्पन्न तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले अविनास ट्रेडर्स बाट ६७ सेट हेण्डपम्प खरिद गरि रु.४९४००१ भुक्तानी गरेकोमा खरिद गरिएका निर्माण सामाग्रीको उपयोगको प्रमाण पेश हुनुपर्ने रु.

सि.नं.	गो.भौ	सामाग्रि	परिमाण	सप्लायर्स	खर्च रकम
१	८०।०८१।८।१४	ट्युवेल हेड	६७ वटा	अविनास ट्रेडर्स	४९४००१
		एच.डी.पि.ई पाईप	१२२२ मि.		
		जि.आ.ई पाईप	९९ मि.		

प्रमाण पेश नगरेको	४,९४,००१

७५ Nepal Urban Governance & Infrastructure Project (NUGIP)

७५.१ वलर्ड बैंकको छाता संगठन अन्तराष्ट्रिय विकास संस्था (IDA) संग ऋण सहायतामा शहरी विकास मन्त्रालयको शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत विभिन्न नगरपालिकाहरुका लागि Urban Development Grant अन्तर्गत Nepal Urban Governance & Infrastructure Project (NUGIP) का लागि वित्तीय सम्झौता भएकोमा यस रामग्राम नगरपालिकाको पोखरापाली देखि पण्डितपुरसम्मको सडक स्तरोन्नतीका लागि देहाय अनुसारको परामर्श र निर्माण कार्यहरु भएको देखिन्छ । अन्तराष्ट्रिय विकास संस्था (IDA) संग प्रोजेक्टका लागि २०२५ अप्रिलसम्मका लागि सम्झौता भएको पाईयो ।

सि.नं.	ठेक्का नं.	ठेक्का विवरण	फर्म	सम्झौता अवधि	लागत	म्याद थप पटक	अवधि	सम्झौता रकम	२०८१।८२ को भुक्तानी रकम	२०८१।०८२ सम्मको भुक्तानी	प्रगति
१	NP- DUDBC - २१६३५६ - CS - QCBS - ०७९। ०८०	Design and Supervision Consultant	बि. एन . कन्सलटेन्सी पि.ई.ए जे.भी	२०७९।५।१ देखि ३० महिना	३४०५१६२४	१	२०८२।९। १६	२८०५५६४०	१००६४२८२	२७४४०१६९	
२	NP- DUDBC -३७०५०१- CW / RFB -०८०-८१	पोखरापाली देखि पण्डितपुर सम्मको सडक स्तरोन्नती	आशिष अशिर्वाद जे.भी	२०८०। ६।१७	६४५७१०४३१	२	२०८२। ९।१६	४१८६२१९२६	१४१२३३२२२	२४८४१९००४	६२.२८

७५.२ **Design and Supervision Consultant:** पोखरापाली देखि पण्डितपुर सम्मको सडकका लागि डिजाइज एण्ड सुपरभिजन कन्सलटेन्ट नियुक्तिका लागि पालिकाले QCBS खरिद प्रक्रिया मार्फत रु. ३४०५१६२४ को लागत अनुमान तयार गरेकोमा ६ वटा परामर्शदाता मध्ये बि.एन.कन्सलटेन्सी पि.इ.ए जेभीको मूल्यांकन अंक सबै भन्दा बढी आएको जनाई २०७९।५।१ देखि ३० महिनासम्मका लागि सम्झौता गरेकोमा २०८२।९।१६ सम्म एक पटक म्याद थप भएको पाईयो । ६ वटा परामर्शदाता मध्ये छनौट भएको बि.एन.कन्सलटेन्सी पि.इ.ए जेभी संग रु.२८०५५६४० मा सम्झौता गरेकोमा जनशक्तिमा वृद्धि भएको कारण २०८१।११। १८मा भेरिएसन स्विकृत भई कवोल रकममा रु. ३९०७९९२ थप भई भेरिएशन समेत कवोल अंक रु.३१९६३६३२ भएको पाईयो। परामर्शदातालाई २०८१।८२ मा रु.१००६४२८२समेत गरी हाल सम्म रु. २७४४०१६९ भुक्तानी भएको छ । साथै सडक निर्माण योजनाको प्रगति कम देखिएकोले तोकिएको समयमा कार्यसम्पन्न गराउन कन्सलटेन्टले प्रभावकारी रुपमा निर्माण व्यवसायीलाई कार्य गराउन जोड दिनुपर्दछ ।

७५.३ **पोखरापाली देखि पण्डितपुर सम्मको सडक स्तरोन्नती (NP-DUDBC-370501-CW/RFB-080-81)** सडक निर्माणका लागि रु. ६४५७१०४३१को लागत अनुमान तयार गरि बोलपत्र आह्वान गरेकोमा सबै भन्दा कम कबोल गर्ने निर्माण व्यावसायी आशिष अशिर्वाद जे.भी संग मिति २०८०।६।१७ मा रु. ४१८६२१९२६ को २०८१।१२।२२ सम्म सम्पन्न गर्ने गरि सम्झौता भएकोमा टिक ड्रेन,सव वेश,वेश लगायतमा बृद्धि भएको कारण २०८१।१।१४मा भेरिएसन स्वीकृत भई कवोल रकममा रु.२८५४५९५ थप भई भेरिएशन समेत कवोल अंक ४२१४७६५२२ भएको पाईयो ।आ.व.०८१।०८२ मा सातौ देखि बाह्रौ रनिङ्ग विल सम्म रु.१४१२३३२२२ समेत हाल सम्म कुल रु.२४८४१९००४ खर्च भएको देखिन्छ ।

७५.४ **ठेक्का म्याद समाप्तः** सम्झौतामा उल्लेखित प्रावधान अनुसार तोकिए बमोजिमको काम सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण ब्यावसायीले कारण सहित म्याद थपका लागि निवेदन दिन सक्ने तथा आवस्यक्ता हेरी सम्बन्धित पदाधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ । उल्लेखित कार्यका लागि २०८१।१२।२२ भित्र सम्पन्न गर्ने गरि निर्माण व्यावसायी आशिष अशिर्वाद जे.भी संग मिति २०८०।६।१७ मा सुरु सम्झौता भएकोमा दोस्रो पटक समेत गरि ९ महिना अर्थात २०८२।९।१६ सम्म म्याद थप भएकोमा लेखापरिक्षण अवधि सम्म सो थप म्याद समेत समाप्त भएको छ ।तसर्थ सम्झौताको व्यवस्था बमोजिम आवश्यक प्रकृया पुरा गरि कार्य

सम्पन्न गर्नुपर्ने देखिन्छ ।

७५.५ **कार्य प्रगतीः** सम्झौता उल्लेखित प्रावधान अनुसार कार्यान्वयनको प्रगति अनुगमन गर्नुपर्ने,गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने,कार्यतालिका अपडेट गर्नुपर्ने लगायत सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था गरेको छ।यस वर्ष सातौ देखि बाह्रौ रनिङ्ग विल सम्म रु.१४१२३३२२२ समेत हाल सम्म कुल रु.२४८४१९००४ खर्च भएकोमा ६२ प्रतिशत मात्र कार्य प्रगति भएको देखिन्छ।यसरि सुरु सम्झौता बमोजिमको अवधि समाप्त भई २ पटक म्याद थप हुँदा समेत न्युन प्रगति हुनुमा निर्माण सामाग्रिको अपर्याप्ता तथा निर्माण व्यावसायीको ढीलासुस्ति जस्ता कारण पालिकाले जनाएको छ । निर्माण कार्य समयमै सम्पन्न गराउन सम्बद्ध पक्षहरुले तदारुकताका साथ कार्य गराउनुपर्दछ।

७५.६ **कार्यसम्पादन जमानतः** सम्झौताको क्लज ४.२ मा सम्झौता रकमको ५ प्रतिशत रकम सम्पादन जमानतबापत राख्नुपर्ने व्यवस्था छ । कार्या सम्पादन जमानतको म्याद निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढी अवधि भएको हुनुपर्ने व्यवस्था छ ।निर्माण व्यावसायीले निर्माण कार्यको एनएमबि बैंक लिमिटेडबाट जारी भएको सम्झौता बमोजिमको रु.२०९३५००० को २०८३।९।१७ सम्म मान्य हुने कार्यसम्पादन जमानत पेश गरेको छ ।सम्झौता अवधि २०८२।९।१६ सम्म रहेकोमा उक्त कार्य सम्पादन जमानतको म्याद कम भएको देखिएकोले त्रुटि सच्याउने अवधि सम्मको अवधि भएको कार्य सम्पादन जमानत पेश गर्नुपर्दछ ।

७६ वडा कार्यालय कम्पाउण्ड निर्माण वडा नं.९(ठे.नं.१७।०८१।०८२)

७६.१ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ मा सार्वजनिक निकायले कार्य योजना अनुसार खरिद सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्नुपर्ने,गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने, सम्झौता उल्लङ्घन भएको अवस्थामा तोकिए बमोजिम कारवाही अगाढी बढाउने लगायत सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था गरेको छ। पालिकाले कम्पाउण्ड निर्माणका लागि रु.१३०५०८२ को लागत अनुमान तयार गरि वोलपत्र आह्वान गरेकोमा सबै भन्दा कम कवोल गर्ने वावा एण्ड वावा कन्सट्रक्शन संग सम्झौता भएको पाईयो ।निर्माण व्यवसायी संग २०८२।१०।३० सम्म सम्पन्न गर्ने गरी रु.९९५०००को २०८२।१।७ मा सम्झौता भएकोमा सम्झौता बमोजिमको ९० प्रतिशत समयावधि व्यतित हुँदा समेत कार्य प्रारम्भ भएको पाईएन ।पालिकाले निर्माण व्यवसायीको लापरबाहिको कारण कार्य प्ररम्भ हुन नसकेको जनाएको छ ।अत: सम्झौता बमोजिम कार्य नगर्ने निर्माण व्यावसायीलाई जिम्मेवार वनाउनुपर्दछ ।

७६.२ **कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०।(४) वमोजिम कार्य सम्पादन जमानतको म्याद निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढी अवधि म्याद भएको हुनुपर्ने व्यवस्था छ ।उक्त वडा कार्यालय निर्माणका लागि निर्माण व्यावसायीले राष्ट्रिय वाणिज्य वैंक बाट जारि भएको रु.९७५०० को २०८३।६।५ सम्म मान्य हुने कार्य सम्पादन जमानत पेश गरेको छ । निर्माण कार्यमा कार्य सम्पादन जमानतको म्याद २०८३।११।३० सम्मको हुनु पर्नेमा कम अवधिको पेश भएको देखिएकोले सम्झौता तथा खरिद नियमावली वमोजिमको कार्य सम्पादन जमानत पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	९७,५००

७७ म्याद थप नभएकोः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ । खरिद सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपुर्तीजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ। समय नियन्त्रणको लागि खरिद सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी

राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु छन् । तर लेखापरिक्षण अवधि सम्म सम्झौता अवधि समाप्त भएका देहाय बमोजिमका ठेक्काहरुको म्याद थप भएको पाईएन भने कार्य प्रगति समेत न्युन भएको पाईयो । तसर्थ तोकिएको अवधिमा कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

क्र.स.	निर्माण कार्य	ठेक्का नं.	निर्माण व्यवसायी	संझौता मिति	सम्झौता रकम	सम्पन्न गर्नुपर्ने मिति	यो वर्ष सम्मको खर्च	भौतिक प्रगति
१	हकुई देखि नौडिहवा सडक स्तरोन्नति	१६। ०८१। ०८२	पवन कन्सट्रक्शन एण्ड सप्लायर्स	२०८२। १।३१	१७२१६१३	२०८२। ९।२७	११३५६०६	६५.९
२	रामग्राम स्तुप संरक्षण तथा पुर्वाधार निर्माण रामग्रम ७	२७। ०८१। ०८२	एस.एस. कन्सट्रक्सन	२०८२। २।३०	२१३९४३७	२०८२। ९।१५	१४६०७४२	६८.२७
३	वन्देवी मन्दिर पार्क व्यवस्थापन वडा नं.११	३६। ०८१। ०८२	ओली निर्माण सेवा	२०८२। ३।१८	१२२५८८२	२०८२। ९।१५	०	०

७८ **वडा पिच्छे सडक बत्तीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा एक आपसमा अन्तर सम्बन्धीत कार्यहरुलाई एउटै प्याकेज बनाइ खरिद गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले नगरपालिका भरिका सडक बत्ती मर्मत तथा नयाँ जडानका लागि बर्षभरिमा प्रत्येक १७ वटा वडा तथा नगरपालिकामा रु.७० लाख वजेट व्यवस्था गरी पटक पटक गरी रु.६९ लाख ४३ हजार खर्च गरेको देखिन्छ । यस कार्यका लागि कोटेशन विधिबाट रु.१,००,०००।देखि ९,९४१६८।०० सम्मका सामाग्रीहरु खरिद गरेको देखिन्छ । यसरी एकै प्रकृतिको कार्यलाई टुक्रापारि पटकपटक प्रतिस्पर्धा सिमित नहुने गरी एउटै प्याकेज बनाई खरिद गर्नुपर्नेमा सो अनुसार नगरी पटक पटक टुक्रा पारी खरिद गरेको कार्य नियमसम्मत नदेखिएको रु.

वडा नं.	गो भौ. नं मिति	योजनाको विवरण	आपूर्तक	बजेट	भुक्तानी रकम
१	१०२,३४५, २०८१।०९।१८	सडक वत्ति पोल बत्ति जडान	जि .एन.जि सप्लायर्स	४५००००	४३३६४८
३	८१।२०८१।८।१६	सडक वत्ति पोल बत्ति जडान	कन्सट्रक्शन सप्लाईज ने.प्रा.ली	२५००००	२४६६७९
४	१२१/ २०८१ / १० / ११५	सडक वत्ति पोल बत्ति जडान	जगदम्बा ईलेक्ट्रिक एण्ड मेसिनरि	२०००००	१९२६७६
५	५३३,/ २०८२ / ३ / २५	सडक वत्ति पोल बत्ति जडान	ओजस कन्सट्रक्शन	७५००००	६०००००
५	३२२।२०८२।०२।०६	पोलवत्ती मर्मत तथा जडान	एस.के सप्लायर्स	१५००००	१४२५८३
६	२५४।२०८१।१२।३१	सडक पोल बत्ति जडान	एस.के सप्लायर्स	२०००००	१९३२३९
९	९५।२०८१।०९।११	सडक पोल बत्ति जडान	कन्सट्रक्शन सप्लाईज ने.प्रा.ली	२५००००	२४८७७७
१०	८२।२०८१।८।१६	पोलवत्ती जडान तथा मर्मत	न्यु विनय ईलेक्ट्रिकल	२०००००	१९८६३७
१२	१७६।२०८१।११।२०	पोलवत्ती जडान तथा मर्मत	अश्विनि ईलेक्ट्रिक एण्ड प्लम्बिङ्ग सेन्टर	२५००००	२४५६५९
१४	१२०।०८१।१०।१५	पोलवत्ती जडान तथा मर्मत	रामग्रम मल्टि सप्लायर्स	३०००००	२९६९९१
१६	१८८।२०८१।११।२३	पोलबत्ति जडान	मन्थन ट्रेडिङ्ग	५०००००	४८५९९०
१७	८५।२०८१।८।१८	पोलबत्ति जडान तथा मर्मत	ऋषि ट्रेड सप्लायर्स	३०००००	२९०३८१
१८	१८१।२०८१।११।२२	पोलबत्ति जडान तथा मर्मत	लाईट हाउस	१०००००	९३५९७
नगर	९३०।२०८१।३।१७	पोलबत्ति जडान तथा मर्मत	नेपाल हाईमास्ट लाईटिङ्ग प्रा.ली.	१००००००	९६८९७५
नगर	५३६।२०८२।३।२५	पोलबत्ति जडान तथा मर्मत	डि.एन.एस सप्लायर्स	९७७०००	९३३४४५
नगर	४८२।०८२।३।२३	पोलबत्ति जडान तथा मर्मत	एस.एस.ईलेक्ट्रोनिक्स	१०००००	९६०२९
जम्मा				**५९७७०००**	**५६६७३०६**

यस विषयमा आ.व.२०८०।०८१ को लेखापरीक्षण प्रतिवेदनले समेत उल्लेख गरेकोमा यस वर्ष पनि सुधार भएको पाईएन ।

अनियमित भएको	५६,६७,३०६

७९ **उपभोक्ताबाट कार्यः**

७९.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ ।

साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । पालिकाले यो बर्ष ७१ विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.३ करोड ३९लाख ५३ हजार भुक्तानी गरेकोमा निम्न व्यहोरा देखियो:-

• उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन ।

• उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा कतिपय योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

• सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, जटील संरचना समेत निमार्ण गरेको पाईयो । पालिकाले उपभोक्ता समितिको क्षमता अनुसारको कार्यमा मात्र सम्झौता गरी निर्माण गर्नुपर्दछ ।

७९.२ **योजना हस्तान्तरण तथा जटिल कार्य उपभोक्ता समितिबाटः** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७(११) अनुसार उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरीसकेपछि प्राविधिक कर्मचारीबाट जांचपास गराई कुल खर्चको अभिलेख राखि उपनियम(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। उपभोक्ता समितिबाट यस बर्ष निर्माण सम्पन्न भएका अधिकांश निर्माण आयोजनाहरु सम्बन्धित समितिलाई हस्तान्तरण गरेको देखिएन । पालिकाले स्थानीय सरकार वा अन्य सरकारी निकायले उपभोग गर्ने, हक भोग नहुने र उपभोक्ता समितिलाई आयोजनाको स्वामित्व हस्तान्तरणा नहुने भवन लगायतका अन्य जटिल संरचनाहरू उपभोक्ता समितिबाट निर्माण गर्ने गरी सम्झौता गरेको पाइयो। उपभोक्ता समितिबाट निर्माण सम्पन्न भएका निर्माण आयोजनाहरु सञ्चालन गर्ने जिम्मेवारी सहित हस्तान्तरण गर्दा योजनाको रेखदेख तथा मर्मत सम्भारमा कार्यालयलाई थप आर्थिक भार नपर्ने हुँदा नियमावलीको प्रकृया अपनाई सम्पन्न आयोजनाहरु हस्तान्तरण गर्नुपर्दछ।

सि.न	योजना/ क्रियाकलाप	सम्झौता मिति	सम्पन्न मिति	खर्च रकम
१	पचगावा तथा कुनवार खानेपानी व्यवस्थापन	०८२।१।२३	०८२।०।१०	१७५७०३६
२	विपन्न आवासिय भवन निर्माण	२०८१।१०।३०	२०८२।०३।१०	२३४०८०९
३	अधुरो सडक पि सि सि स्तरोन्नती बङगो	२०८१।०९।०५	२०८१।१२।३०	३९९८३०
४	हडैया पोखरी सौन्दर्यकरण कार्य	२०८१।१०।२५	२०८२।२।३०	६२५०००
५	बुद्ध ज्योति आधारभुत विद्यालय १६ को पूर्वाधार निर्माण	२०८१।०१।३०	२०८२।३।१०	४९१६१६

८० **सम्भाव्यता अध्ययन/डी.पी.आरः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष ५ कार्यमा रु.३४५८००० खर्च गरेको छ। यसरी अध्ययन कार्य गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता कार्य तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

सि.नं.	कार्य विवरण	परामर्शदाता	लागत अनुमान	खर्च रकम	अध्ययनवाट निर्धारण भएको आयोजनाको लागत अनुमान	आयोजना कार्यान्वयनको अवस्था
१	कवर्ड हल निर्माण वडा नं.१	ग्रिन अर्थ ईन्जिनियरिङ्ग एण्ड	४९९७२६	४९३८१०	६१४०००००	कार्यन्वयनमा गएको
२	खानेपानी पाईपलाईन विस्तार वडा नं.१४	ईन्जिनियरिङ्ग सर्भिसेज एण्ड डिजास्टर रिस्क म्यानेजमेन्ट प्रा.ली	९९५३३२	९८५०००	६०२५०३१३.६२	कार्यान्वयनमा नगएको
३	खानेपानी पाईपलाईन विस्तार वडा नं.१०	गौमुखि ईन्जिनियरिङ्ग सर्भिसेज प्रा.ली	९९५३३२	९८९४२८	२६८०३४७२	कार्यान्वयनमा गएको
४	विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना	मैत्रि समाज नेपाल	४९८९३०	४९७५८८	-	कार्यान्वयन नभएको
५	माटो जलबायु एक वडा एक व्यावसायिक उत्पादन क्षेत्र निर्माणका	लुम्बिनी साईन्टिफिक ईम्पोरियल प्रा.ली	४९५८४४	४९२८८०	३००००००	कार्यान्वयन नभएको
जम्मा			**३४८५०००**	**३४५८०००**		

८१ **कन्टिन्जेन्सी खर्चः**

८१.१ निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी

खर्च तर्फ मस्टरोलबाट काम गरेको उल्लेख गरी रु.१२५०००, पत्रपत्रिका छपाईमा रु.१३२५२००,मर्मत ईन्धनमा रु.१२५००००,फिल्ड भत्तामा रु.२५००००,सवारी भाडा रु.१४४४००० र अन्यमा रु.१३७५८५ समेत यस वर्ष रु.४५ लाख ३१ हजार कन्टीन्जेन्सी खर्च गरेको छ।

विवरण	मस्टरोल	मर्मत तथा ईन्धन	पत्रपत्रिका तथा छपाई	फिल्ड भत्ता	गाढी भाडा	अन्य	यस वर्षको जम्मा खर्च
कन्टिन्जेन्सी खर्च	१२५०००	१२५००००	१३२५२००	२५००००	१४४४०००	१३७५८५	४५३१७८५

८१.२ कार्यालयले कन्टिन्जेन्सीबाट मष्टरोलमार्फत रु.१ लाख २५ हजार ज्याला खर्च लेखेकोमा बाटो निर्माण कार्यका लागि सुपरभाइजरहरू नियुक्त गरी निजहरूलाई पारिश्रमिक बापत उक्त रकम खर्च लेखेकोमा निजहरूले सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राख्ने गरेको पाइएन। सो को अतिरिक्त अतः निजहरूले सम्पादन गर्नुपर्ने र गरेको कामको विवरण स्पष्ट राख्नुपर्दछ।सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

८१.३ महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा रु.१४ लाख ५० हजार सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन।

कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

८२ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिमको म्याद नाघेको तथा ननाघेको पेश्कि बाँकि रहेको विवरण उपलब्ध गराएको छ। आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेको पेश्कि अभिलेख व्यवस्थित गरी पेश्की फर्स्योट गर्नुपर्दछ ।भने सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ८४ हजार ५०० फर्स्योट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्योट गर्नुपर्ने रु.

क्र.सं.	पेश्कीको विवरण	पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम	चालु आ. व.	गत आ. व.सम्मको	
			म्याद नाघेको	म्याद ननाघेको रकम	म्याद नाघेको
१	अन्य सार्वजनिक निर्माण	दल बहादुर चौधरी	०	०	२५,०००.००
२	अन्य सार्वजनिक निर्माण	धन कला पाण्डे	०	०	१५,०००.००
३	अन्य सार्वजनिक निर्माण	प्रेम प्रसाद चौधरी	०	०	१,०००.००
४	अन्य सार्वजनिक निर्माण	मालती देबी चौधरी	०	०	१,०००.००
५	अन्य सार्वजनिक निर्माण	सीता मगर	०	०	२,०००.००
६	अन्य सार्वजनिक निर्माण	हरीराम बनिया	०	०	९,०००.००
७	मसलन्द तथा कार्यालय सामाग्री कार्यालयकालागी	सन्तोष कुमार घिमिरे	०	०	३०,०००.००
८	वडा समितिको बैठक भत्ता (प्रति वडा १२ वटा बैठक मात्र)	लोकमान चौधरी	४,०००.००	०	०
९	पारिश्रमिक कर्मचारी	राम मिलन यादव	८०,५००.००	०	०
१०	Urban Development Grant दिने	आशिष । आशिर्बाद जे.भि.	०	०	६५,०९,०६०.००
११	रावन खण्डा घोलाको कच्ची तटबन्ध निर्माण कार्य	पाठक कन्षट्रक्सन	०	०	१,५८,८००.००
१२	व्यवसायीक भवन तथा बाल उद्यान पार्क निर्माण शान्तीचौर शिशमघारी	पाठक कन्षट्रक्सन	०	०	६,९१,०००.००
१३	सडक तथा पूल निर्माण	यादव कन्स्ट्रक्सन	०	०	१,५०,०००.००
१४	अन्य सार्वजनिक निर्माण	कोटही देवी निर्माण उ.स.	०	०	१५,०००.००
१५	अन्य सार्वजनिक निर्माण	कोटही माई बाल पार्क निर्माण उ.स.	०	०	१,४०,०००.००
१६	अन्य सार्वजनिक निर्माण	ढल निर्माण उपभोक्ता समिति	०	०	१०,०००.००
१७	अन्य सार्वजनिक निर्माण	श्री रामजानकी मन्दीर निर्माण उपभोक्ता समिती	०	०	१३,०००.००
१८	अन्य सार्वजनिक निर्माण	सडक निर्माण उ.स. मंभरिया	०	०	८०,०००.००
१९	अन्य सार्वजनिक निर्माण	कसिया टोल बिकास संस्था	०	०	३०,०००.००
२०	अन्य सार्वजनिक निर्माण	चन्द्रागढी टोल बिकास संसथा	०	०	८,०००.००
२१	अन्य सार्वजनिक निर्माण	नेपाल बिध्दुत प्राधिकरण	०	०	११,४४,७८२.३५
२२	अन्य सार्वजनिक निर्माण	नव दुर्गा टोल बिकास संस्था	०	०	८,०००.००

२३	अन्य सार्वजनिक निर्माण	भगवती टोल बिकास संस्था	०	०	४०,०००.००
२४	कार्यक्रम खर्च	रमेश प्रसाद यादव	०	०	७,८६७.००
२५	अन्य सार्वजनिक निर्माण	रामग्राम टोल बिकास संस्था	०	०	२६,१९८.४८
२६	अन्य सार्वजनिक निर्माण	रामग्राम दलित टोल बिकास संस्था	०	०	५७,०००.००
२७	अन्य सार्वजनिक निर्माण	संगम टोल बिकास संस्था	०	०	४,९००.००
कुल जम्मा			**८४५००**	**०**	**९१,७६,६०७.८३**

पेश्की	८४,५००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : रामग्राम नगरपालिका, नवलपरासी , रामग्राम नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पश्चिम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	यम बहादुर कुवर	२०८१-३-७	हाल सम्म कार्यरत
लेखा प्रमुख	kundan kumar chaudhary	२०७६-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१७९,९२२	२३,१२९,६४३	११,५९७,७८०	०	०	८४,५००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३४,९९१,८४५
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३४,९९१,८४५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१७०२५७३४४.०१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५८४२८५३६०	चालु खर्च	४२२४१७९५९.९८
प्रदेश सरकारबाट अनुदान	३४९९२३९९.९	पूँजीगत खर्च	३८२५९५८५३.८७
राजश्व बाँडफाँट	१२६७३०१९७.३६	वित्तीय/अन्य व्यवस्था	३१२३८९९६२.०३
आन्तरिक आय	१०५७९३८३८.०३		
अन्य आय	२५४०७३१७२.०२		
कुल आय	११०५८७४९६७.३१	कुल खर्च	१११७४०३७७५.८८
बाँकी मौज्दात		१५८७२८५३५.४४	

अनुसूची - २

बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
	नगद	जम्मा	नगद	जम्मा
राजस्व अनुदान र अन्य प्राप्ति				
कर	२०५२४५४०१.२१	२०५२४५४०१.२१	१८४८४४४९५.०९	१८४८४४४९५.०९
अनुदान	५६९८२८४३८.१७	५६९८२८४३८.१७	५९२९९११०४.८१	५९२९९११०४.८१
अन्य राजस्व	२७९६४०४४.१४	२७९६४०४४.१४	४२६३८२९९.३६	४२६३८२९९.३६
विविध प्राप्ति	४५५६८८.	४५५६८८.	५६९१३५.०२	५६९१३५.०२
कुल जम्मा प्राप्ति	८०३४९३५७१.५२	८०३४९३५७१.५२	८२१०४३०३४.२८	८२१०४३०३४.२८
चालु	४२२४१७९५९.९८	४२२४१७९५९.९८	४३६७५२८९४.३५	४३६७५२८९४.३५
पारिश्रमिक / सुविधा	२२०९२९८२१.७२	२२०९२९८२१.७२	२०९४६४९४८.७	२०९४६४९४८.७
मालसामान तथा सेवाको उपयोग	१५५४२४८१२.२६	१५५४२४८१२.२६	१९७५५१५२९.६५	१९७५५१५२९.६५
सहायता (Subsidy)	२८६७८४८४.	२८६७८४८४.	१३८५७४५.	१३८५७४५.
अनुदान	०	०	७६६७३००.	७६६७३००.
सामाजिक सुरक्षा	१५९५७२१५.	१५९५७२१५.	१९६९४८४८.	१९६९४८४८.
अन्य खर्च	१४२७६२७.	१४२७६२७.	९८८५२३.	९८८५२३.
पूंजीगत	३८२५९५८५३.८७	३८२५९५८५३.८७	३८४४७१७३८.९५	३८४४७१७३८.९५
भवन तथा संरचना	१७२१९९५८.	१७२१९९५८.	१३२०६३५५.७२	१३२०६३५५.७२
सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स	१९२५८३६६.	१९२५८३६६.	५५६७७७९.२३	५५६७७७९.२३
अन्य पूँजीगत खर्च	१५९२२०९६.८७	१५९२२०९६.८७	६४३३६४.	६४३३६४.
सार्वजनिक निर्माण	३२७४२६७४७.	३२७४२६७४७.	३५२८३४३२८.	३५२८३४३२८.

निर्मितसरचनाको सुधार खर्च	५९३३५७.	५९३३५७.	०	०
पूँजीगत सुधार खर्च	२१७५३२९.	२१७५३२९.	१२२१९९१२.	१२२१९९१२.
कुल जम्मा भुक्तानी	८०५०१३८१३.८५	८०५०१३८१३.८५	८२१२२४६३३.३	८२१२२४६३३.३
बचत /कमी (ग = क-ख)	-१५२०२४२.३३	-१५२०२४२.३३	-१८१५९९.०२	-१८१५९९.०२
धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)	-८१५४५६०.६८	-८१५४५६०.६८	१२०२३९२१.३२	१२०२३९२१.३२
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी				
यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	-९६७४८०३.०१	-९६७४८०३.०१	११८४२३२२.३	११८४२३२२.३
गत आ.व.को नगद तथा बैंक मौज्दात	१६९४४८९३६.४१	१६९४४८९३६.४१	१५७७६३४३०.११	१५७७६३४३०.११
विनिमय नाफा/ घाटा तथा अन्य समायोजन				
आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	१५९७७४१३३.४	१५९७७४१३३.४	१६९६०५७५२.४१	१६९६०५७५२.४१

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।